# शारदा राजपत्र

## शारदा नगरपालिकाद्वारा प्रकाशित

खण्डः- १०)　　　संख्या -१　　　मितिः- २०८३/०२/०७

## भाग-२

## शारदा सरसफाई विनियम, २०८३

कार्यपालिका बाट स्वीकृत मिति :- २०८३/०२/०४

प्रमाणीकरण मिति :- २०८३/०२/०७

## प्रस्तावनाः

प्रस्तावनाः नेपालको संविधानले निर्दिष्ट गरेको प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने एवं स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको मौलिक हकको सुनिश्चितताका लागि शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन २०७९ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी विध्यमान सरसफाइ सम्बन्धि कार्यविधिहरु ले गरेका व्यवस्थाहरुलाई निर्देशित गरी शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८१ मा तय भएका लक्ष्यहरु हासिल गर्नुका साथै खानेपानी तथा सरसफाइ ऐन २०७९ (राष्ट्रिय), खानेपानी तथा सरसफाइ नियमावली २०८१ (राष्ट्रिय) र राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति २०८० ले निर्दिष्ट गरेको आफ्नो क्षेत्रधिकारभित्र सुरक्षित सरसफाइ सम्बन्धी सेवाहरुलाई व्यवस्थित गर्न शारदा नगरपालिकाले सरसफाइ विनियम २०८३ तर्जुमा गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

**(१)** यो विनियमको नाम "सरसफाइ विनियम, २०८३" रहेको छ।

**(२)** शारदा नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि यो विनियम शारदा नगरपालिकाको क्षेत्र भित्र लागू हुनेछ।

(२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा, -

(क) **"ऐन"** भन्नाले शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९ सम्झनु पर्छ।

(ख) **"ग्रे-वाटर"** भन्नाले शौचालय बाहेक घरायसी प्रयोगबाट निस्कने हल्का प्रदूषित पानी (जस्तैः नुहाउने, लुगा धुने, भाँडा माझ्ने, हात धुने आदि बाट निस्कने पानी) भन्ने बुझ्नु पर्छ।

(ग) **“घर”** भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको भवन वा भवनको तला वा कोठा वा भवनको कुनै एकाइलाई सम्झनुपर्छ र सो शब्दले पसल, वर्क सप (कार्यशाला), ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना वा जग्गा समेत भन्ने बुझ्नु पर्छ।

(घ) **“घरधनी”** भन्नाले नगरपालिकाभित्र निर्मित भवन वा भवनको तला वा कोठा वा भवनको कुनै एकाइ, पसल, वर्कसप, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना वा जग्गाको स्वामित्व ग्रहण गरेको व्यक्ति वा संस्था भन्ने बुझ्नु पर्छ।

(ङ) **“ढल”** भन्नाले सतही नाला वा भूमिगत पाइप हो। जसले मानव मलमूत्र सहित वा रहित फोहोरपानी, घर र औद्योगिक फोहोर र वर्षाको पानीलाई शहर वा गाउँको विभिन्न भागहरुबाट संकलन र स्थानान्तरण गर्छ भन्ने बुझ्नु पर्दछ।

(च) **“ढल निकास”** भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ।

(छ) **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले प्रचलित कानून वा यो विनियमले निर्धारण गरेका मापदण्ड, निर्देशिका वा निर्देशनमा तोकिए बमोजिमको व्यवस्था भन्ने बुझ्नु पर्दछ।

(ज) **“दिसाजन्य लेदो”** भन्नाले स्थलगत सरसफाइ अन्तर्गत संकलन ट्यांकहरु जस्तै सेप्टिक ट्यांक, होल्डिंग ट्यांक, साधरण खाल्डो आदिमा जम्मा भएको, मानिसको दिसा पिसाब लगायतको फोहोर पानीको तरल, अर्ध-ठोस र ठोस अवस्था भन्ने बुझ्नु पर्दछ। जसमा मानिसको दिसापिसाबका साथै दिसा बगाउन, दिसा धुन एवम् चर्पी सफा गर्न प्रयोग हुने पानी वा पदार्थ भन्ने बुझ्नु पर्दछ, जसमा अन्य फोहोरमैला वा फोहोरपानी समेत मिसिएको हुन सक्छ।

(झ) **“दिसाजन्य लेदो व्यवस्थापन”** भन्नाले दिसाजन्य लेदोलाई संकलन गर्ने, संकलित फोहोरलाई तोकिएको विधि अनुसार रित्याउने, प्रशोधन केन्द्रसम्म ढुवानी गर्ने, प्रशोधन गर्ने, र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्नेसम्म समग्र श्रृंखलागत कार्य भन्ने बुझ्नु पर्दछ।

(ञ) **“दिसाजन्य लेदो प्रशोधन”** भन्नाले दिसाजन्य लेदोलाई विभिन्न प्रक्रियाहरू मार्फत सुरक्षित र वातावरणमैत्री बनाउनका लागि गरिने कार्यहरू भन्ने बुझ्नु पर्दछ। यो प्रक्रियामा लेदोको हानिकारक तत्वहरूलाई निष्क्रिय पार्न र यसलाई पुनः प्रयोगयोग्य वा सुरक्षित तरिकाले

विसर्जन गर्नका लागि विभिन्न प्रविधिहरू जस्तै प्रशोधन केन्द्र, चर्पीमा जडान भएको दुई-खाल्डे चर्पी आदि भन्ने बुझ्नु पर्दछ।

(ट) **"दिसाजन्य लेदो प्रशोधन केन्द्र"** भन्नाले दिसाजन्य लेदो प्रशोधन, फोहोरलाई पुनःप्रयोग योग्य बनाउन तथा पुनः प्रयोग गर्न नसकिने वस्तुको सुरक्षित विसर्जनका लागि आवश्यक विधि र प्रविधि जडित निर्मित संरचना वा प्रणाली भन्ने बुझ्नु पर्दछ।

(ठ) **"दुई खाल्डे चर्पी"** भन्नाले सुधारिएको खाल्डे चर्पी जसले घरधूरी-स्तरमा दिसाजन्य लेदोको प्रशोधन गरी यसलाई मलको रुपमा रूपान्तरण गर्न, शौचालयसंग जोडिएर निर्माण भएका दुई खाल्डाहरु, जसमा प्रत्येक खाल्डोलाई परस्पर रुपमा प्रयोग गर्ने एक प्रविधि हो भन्ने बुझ्नु पर्छ।

(ड) **"नगरपालिका"** भन्नाले शारदा नगरपालिका भन्ने बुझ्नु पर्दछ।

(ढ) **"प्रमुख"** भन्नाले शारदा नगरपालिकाका नगर प्रमुख, "**उपप्रमुख**" भन्नाले शारदा नगरपालिकाका नगर उपप्रमुख तथा "**वडा अध्यक्ष**" भन्नाले शारदा नगरपालिका अन्तर्गतका वडा का वडा अध्यक्षहरु भन्ने बुझ्नु पर्दछ।

(ण) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शारदा नगरपालिकाको प्रशासन हेर्नका लागि तोकिएको प्रमुख कर्मचारी भन्ने बुझ्नु पर्दछ।

(थ) **"प्रशोधित फोहोर पानी"** भन्नाले प्रशोधन केन्द्रबाट निष्कासन हुने पूर्ण वा आंशिक प्रशोधित फोहोर पानी भन्ने बुझ्नु पर्दछ।

(त) **"प्रदूषण"** भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्यासको कारणबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नकारात्मक प्रभाव परी वातावरणको स्वच्छतामा ह्रास ल्याउने, क्षति पुऱ्याउने अवस्था वा क्रियाकलाप भन्ने बुझ्नु पर्दछ।

(थ) **"फोहोरमैला"** भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवा धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य

वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ।

(द) **"फोहोरपानी"** भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात निस्काशन हुने मानव मलमुत्र सहित वा रहित फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने बर्षातको पानीलाई समेत जनाउँछ।

(ध) **"मापदण्ड अनुसारको चर्पी"** भन्नाले निजी आवास, कार्यालय, सार्वजनिक संस्था, होटल, रेष्टुरेन्ट वा अन्य संरचनामा मानिसको दिसापिसाबलाई विसर्जन गर्नका लागि नेपालको राष्ट्रिय भवन संहिता NBC २०८ मा उल्लेखित प्रावधान NBC २०८ को चर्पी भन्ने बुझ्नु पर्दछ।

(न) **"विसर्जन"** भन्नाले फोहरपानी, दिसाजन्य लेदो, वा फोहोरमैलाको अन्तिम निष्काशन वा व्यवस्थापन कार्य भन्ने बुझ्नु पर्दछ।

(प) **"शौचालय"** भन्नाले मानव शरीरबाट मलमूत्र निष्कासन गर्न प्रयोग गरिने ठाउँ वा कोठा हो भन्ने बुझनु पर्छ। जुन, दिसा र पिसाब सुरक्षित र स्वच्छ तरिकाले व्यवस्थापन गर्न घर, कार्यालय, विद्यालय, अस्पताल, सार्वजनिक स्थानहरू लगायत अन्य विभिन्न ठाउँहरूमा निर्माण गरिएको हुन्छन्।

(फ) **"सरसफाइ सेवा श्रृंखला"** भन्नाले अनुसूची १ मा प्रस्तुत भएबमोजिमको दिसाजन्य लेदोको व्यवस्थित संकलन, भण्डारण, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्न अपनाइने सम्पूर्ण प्रक्रिया भन्ने बुझ्नु पर्दछ।

(ब) **"सेप्टिक ट्याङ्क"** भन्नाले दिसाजन्य लेदोको कुनै पनि प्रकार (ठोस, अर्ध ठोस, तरल, ग्यास वा गन्ध) लाई बाहिरी वातावरणको सम्पर्कमा आउन नदिनका लागि तोकिए बमोजिमको ढाँचामा बनाइएको संरचना भन्ने बुझ्नु पर्दछ। जसले शौचालयबाट निस्कने दिसाजन्य लेदोलाई भण्डारण गरी फोहोरलाई आंशिक मात्रामा प्रशोधन गर्दछ।

(भ) **"सेप्टेज"** भन्नाले उप विनियम (म) मा परिभाषित सेप्टिक ट्याङ्कमा संकलित दिसाजन्य लेदो भन्ने बुझ्नु पर्दछ।

(म) **"सेवा प्रदायक"** भन्नाले सेप्टिक ट्याङ्क बनाउन, सेप्टिक ट्याङ्क खाली गर्न, दिसाजन्य लेदोलाई प्रशोधन केन्द्रसम्म ढुवानी सेवा प्रदान गर्न वा दिसाजन्य लेदो प्रशोधन केन्द्र सञ्चालन गर्नका लागि नगरपालिकाबाट विधिवत् रुपमा इजाजत प्राप्त संस्था तथा व्यक्ति बुझ्नु पर्दछ।

(य) **"सेवाग्राही"** भन्नाले दिसापिसाबजन्य फोहोर व्यवस्थापनको सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकाय भन्ने बुझ्नु पर्दछ।

(र) **"सवारी साधन"** भन्नाले दिसाजन्य लेदो व्यवस्थापन कार्यमा उपयोग हुने भ्याकुम पम्प जडित ट्याङ्कर, ट्र्याक्टर, ट्रक, टीपर जस्ता ढुवानी वाहनहरु भन्ने बुझ्नु पर्छ।

(ल) **"स्थलगत सरसफाइ प्रणाली"** भन्नाले मानव मलमूत्रीय तथा फोहोर पानीलाई संकलन, प्रसोधन र विसर्जन गर्नका लागि त्यही ठाउँमा स्थापित गरिने संरचना वा प्रणाली हो भन्ने बुझ्नु पर्दछ। (जस्तै यसमा सेप्टिक ट्याङ्क, दुई खाल्डे चर्पी, कम्पोस्टिङ शौचालय, र अन्य स्थानीय रुपमा फोहोर व्यवस्थापन गरिने विधिहरू समावेश हुन्छ)

## ३. उद्देश्यहरुः

देहायको उद्देश्य पूर्तिका लागि यो विनियम तयार गरी लागु गरिएको छ ।

(१) नगरपालिका क्षेत्रभित्र सरसफाइको स्तर अभिवृद्धि गरी स्वच्छ र सुरक्षित वातावरण कायम गर्नु तथा खुला दिसामुक्त स्थितिलाई दिगो बनाउनु।

(२) दिसाजन्य लेदोको सुरक्षित सङ्कलन, ढुवानी, उपचार र सुरक्षित निष्कासन वा पुनःप्रयोगको व्यवस्था गरी जलस्रोत र वातावरणीय प्रदूषण न्यूनीकरण गर्नु।

(३) नागरिकहरूको सार्वजनिक स्वास्थ्य संरक्षण गर्नु तथा पानीजन्य र सरसफाइसम्बन्धी रोगहरूको जोखिम घटाउनु।

(४) दिसाजन्य लेदो व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता, नियमन र संस्थागत जिम्मेवारी स्पष्ट गरी प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्नु।

(५) सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै दिगो सरसफाइ प्रणालीको विकास गर्नु।

## परिच्छेद-२

### कार्यक्षेत्र

(४) यो विनियम शारदा नगरपालिकाको सम्पूर्ण वडा तथा भौगोलिक क्षेत्रभित्र लागू हुनेछ।

(क) **समेटिने क्षेत्र तथा संरचनाहरू**

यस विनियमले शारदा नगरपालिकाभित्रका निम्नानुसारका संरचना तथा क्षेत्रहरूलाई समेट्नेछः

(अ) व्यक्तिगत आवास, आवासीय क्षेत्र तथा अन्य मानव बसोबासका संरचनाहरू,

(आ) औद्योगिक, व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि प्रयोग हुने कुनै पनि प्रकारका भवन तथा क्षेत्रहरू,

(इ) सरकारी, संस्थागत तथा सार्वजनिक निकायहरूका संरचनाहरू,

(ई) मन्दिर तथा अन्य धार्मिक स्थल सहितका सार्वजनिक शौचालयहरू,

(उ) फोहरपानी निष्कासन हुने अन्य कुनै पनि स्थान, भवन वा संरचनाहरू,

(ऊ) ढलसहितको सरसफाइ प्रणाली तथा सतही फोहोर पानी (सतहको फोहोर पानी)

(ख) **नसमेटिने क्षेत्र तथा संरचनाहरू**

यो विनियमले शारदा नगरपालिकाभित्रका निम्न फोहर व्यवस्थापनलाई समेटेको छैन (यी विषयहरूको व्यवस्थापन छुट्टै कानुन, नीति वा विनियमबाट हुनेछ):

(अ) ठोस फोहोरमैला,

(आ) विशेष प्रकारको प्रशोधन आवश्यक पर्ने औद्योगिक प्रदूषणयुक्त लेदो वा फोहोर पानी,

(इ) स्वास्थ्य संस्थाबाट निष्कासन हुने औषधिजन्य तथा चिकित्सकीय फोहोर,

(ई) पशुजन्य दिसापिसाब तथा अन्य पशु फोहोर।

तर माथि उल्लिखित बुँदा (ख) मा उल्लेख भएका फोहोर, औद्योगिक प्रदूषणयुक्त लेदो/पानी तथा सतही फोहोर पानीको व्यवस्थापनका लागि छुट्टै व्यवस्था गरिनेछ।

(ग) **<u>नियम पालना गर्नुपर्ने दायित्व</u>**

यो विनियम शारदा नगरपालिकाको क्षेत्रभित्र बसोबास गर्ने, व्यवसाय सञ्चालन गर्ने तथा आवतजावत गर्ने सबै व्यक्ति, संस्था तथा निकायले पालना गर्नुपर्नेछ। यसका लागि निम्न कर्तव्यहरू पालना गर्नुपर्नेछः

१) मानव मलमूत्र (दिसाजन्य लेदो) को व्यवस्थापन (सङ्कलन, ढुवानी, प्रशोधन तथा त्यसबाट उत्पादित वस्तुको प्रयोग) को कुनै पनि चरणमा बाधा अवरोध पुर्‍याउन वा हस्तक्षेप गर्न पाइने छैन।

२) यो विनियमअन्तर्गत सञ्चालित सेवाहरू (फोहोरपानी सङ्कलन तथा व्यवस्थापन सेवा) लाई सञ्चालन गर्न सेवाप्रदायकलाई पूर्ण सहयोग गर्नुपर्नेछ।

३) मानव मलमूत्र (दिसाजन्य लेदो) व्यवस्थापनका लागि कुनै स्थान छनोट गर्दा सामाजिक, पर्यावरणीय तथा भौगोलिक अवस्थाको पूर्ण अनुकूलता सुनिश्चित गर्नुपर्नेछ। साथै, स्थान छनोट गर्नुअघि नगरवासीहरूलाई पूर्व सूचना दिने, छलफल गर्ने तथा उचित सहमति लिनुपर्नेछ। (अन्य सम्बन्धित व्यवस्थाहरू अनुसूची—९ मा उल्लेख भएबमोजिम हुनेछन्।

४) ग्रे—वाटर (Greywater) अर्थात् शौचालयबाहेक घरायसी प्रयोगबाट निस्कने पानी (जस्तैः नुहाउने, लुगा धुने, भाँडा माझ्ने, हात धुने आदिबाट निस्कने पानी) को उचित व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद—३

## मार्गदर्शक सिद्धान्त तथा प्रविधि

(५) यस विनियमले सरसफाइका देहायका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरेको छः

(क) नगरपालिकाले नगरव्यापी समावेशी सरसफाइको सिद्धान्त अवलम्बन गर्नेछ, जसअनुसार प्रत्येक नगरवासीले सुरक्षित सरसफाइ व्यवहारको अभ्यास तथा सरसफाइ सेवा श्रृंखलाको आवश्यकता र महत्वबारे जानकारी प्राप्त गर्नेछन्। यस सिद्धान्तअन्तर्गत देहायका विषयवस्तुहरूलाई समेटिनेछः

(१) नगर क्षेत्रभित्रका आवासीय, व्यावसायिक, औद्योगिक, शैक्षिक, सरकारी तथा सार्वजनिक संस्थाहरूको परिसरभित्र नगरपालिकाको प्रचलित कानूनबमोजिम एक खाल्डे (सोकपिटसहित) वा दुई खाल्डे वा बायोग्यास प्लान्ट जडित चर्पी वा सेप्टिक ट्याङ्कको व्यवस्था अनिवार्य रूपमा गर्नुपर्नेछ।

(२) सेप्टिक ट्याङ्कमा दिसाजन्य लेदो पूर्ण रूपमा भरिनु पूर्व उपयुक्त प्रक्रिया अपनाई त्यसलाई खाली गरी सफा गर्ने तथा पुनः उपयोगका लागि तयार पार्ने व्यवस्था गर्नुपर्नेछ।

(३) मानव मलमूत्र (दिसाजन्य फोहोर) लाई समग्र सरसफाइ सेवा श्रृंखलाअन्तर्गत व्यवस्थापन गरी उत्पादित अवशिष्ट पदार्थ (प्राङ्गारिक मल) को उचित पुनःप्रयोग तथा पुनःप्रयोगमा नआउने वस्तुको सुरक्षित तथा सदुपयोगपूर्ण विसर्जनलाई प्राथमिकता दिइनेछ। सरसफाइ सेवा श्रृंखलाको चित्रात्मक विवरण अनुसूची—१ मा उल्लेख गरिएको छ।

(४) समुदाय, औद्योगिक, व्यापारिक वा व्यावसायिक क्षेत्र, संस्थागत तथा सार्वजनिक सरोकारका सरकारी वा अन्य संघ—संस्थाहरूबाट निस्कने दिसाजन्य लेदोलाई प्रशोधन नगरी ढल, नदी—नाला वा अन्यत्र मिसाएको पाइएमा सम्बन्धित पक्षलाई प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ। (५) नगरपालिका स्तरीय सरसफाइ योजना कार्यान्वयनका लागि नगरपालिकाले यस क्षेत्रमा विज्ञता हासिल गरेका निकाय तथा साझेदारहरूसँग समन्वय र साझेदारी गर्न सक्नेछ।

(६) नगरपालिकाले आफ्नो सीमाभित्र पूर्ण सरसफाइ उन्मुख कार्यक्रम सञ्चालन गर्ने कुनै पनि संघ, संस्था वा निकायको कार्यक्रमलाई आफ्नो कार्यक्रमको अभिन्न अंगका रूपमा लिई समन्वयात्मक ढंगले कार्यान्वयन गर्न निर्देशन दिन सक्नेछ।

(७) नगरको सरसफाइ कायम राखी जनस्वास्थ्य संरक्षणसम्बन्धी कार्यहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) मैत्री बनाइनेछ।

(८) प्रदूषकले तिर्ने सिद्धान्त तथा नगरपालिकाको सन्दर्भमा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका सिद्धान्तहरू अवलम्बन गरिनेछ। जसअनुसार प्रदूषण गर्ने व्यक्ति वा संस्थाले प्रदूषणबाट उत्पन्न क्षतिको रोकथाम, नियन्त्रण र सफाइका लागि लाग्ने सम्पूर्ण लागत वहन गर्नुपर्नेछ।

## **परिच्छेद- ४**
## **काम, कर्तव्य, अधिकार र दायित्व**

(६) सुरक्षित सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापनका सरोकारवालाहरूको काम, कर्तव्य, अधिकार र दायित्व देहाय बमोजिम हुनेछ :

**(क) सेवाग्राहीहरूको काम, कर्तव्य, अधिकार दायित्वः**

१) चर्पीमा मात्र दिसापिसाब गर्ने ,

२) सेप्टिक ट्याङ्कमा साबुन, फिनेल वा कुनै पनि प्रकारका रसायनहरू नमिसाउने,

३) नयाँ घर, होटल वा सार्वजनिक प्रयोजनका घर बनाउँदा नगरपालिकाले पारित गरेको भवन संहिताबमोजिम मानव मलमूत्र संकलन र विसर्जनको प्रबन्ध गर्न तोकिएको ढाँचामा चर्पी, सेप्टिक ट्याङ्क आदि बनाएर, त्यसको उपयोग गरेर मात्र सञ्चालन गर्ने,

४) यो विनियम लागू हुनुपूर्व बनेका चर्पी, सेप्टिक ट्याङ्क जस्ता संरचनाको नगरपालिकाले पारित गरेको भवन संहिता बमोजिम स्तरोन्नति गरेर मात्र प्रयोग गर्ने,

५) यस विनियमले निर्धारण गरेको मापदण्डअनुसार निर्माण नभएका विद्यमान सेप्टिक ट्याङ्क वा दुई खाल्डे चर्पी वायोग्यास जडित चर्पीहरु यो विनियम लागु भएको ५ वर्ष भित्रमा मापदण्ड अनुरुप अद्यावधिक गर्ने,

६) यो विनियमले व्यवस्था गरे बमोजिम नगरपालिकाद्वारा, सेप्टिक ट्याङ्क भरिनु अगावै आफ्नो सेप्टिक ट्याङ्क खाली गराउने र सो बापत लाग्ने शुल्क बुझाउने,

७) नगरपालिका क्षेत्रभित्र यदि कसैले खुला दिसापिसाब गरेमा, जथाभावी रूपमा दिसापिसाब निष्कासन तथा विसर्जन गरेमा वा नगरपालिकाद्वारा ३ वर्ष समयावधि सम्ममा आफ्नो सेप्टिक ट्याङ्क खाली नगरी अटेर गरी बसेको पाइएमा सोको सूचना नगरपालिकालाई दिनु पर्नेछ, नगरपालिकाले सूचनादाताको परिचय गोप्य राखेछ ।

८) कसैले आफ्नो स्वामित्वमा रहेको घर, टहरा, वा संरचनाको बिक्री वा अरुलाई स्वामित्व हन्तान्तरण गर्नु अघि उक्त घर, टहरा, वा संरचनामा यो विनियमको परिच्छेद ५,उपविनियम (क) (ख) बमोजिम दिसाजन्य लेदोको व्यवस्थापन, चर्पी, सेप्टिक ट्याङ्क जस्ता संरचना बनाउनुपर्नेछ। स्वामित्व हन्तान्तरण प्रकृयाका लागि सिफारिस गर्दा उपरोक्त मापदण्ड कायम रहे नरहेको बारेमा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा प्रमुख वा प्रतिनिधिबाट स्थलगत निरिक्षण गरी मात्र सिफारिस गरिनेछ ।

९) दिसाजन्य लेदो संकलन, ढुवानी, प्रशोधन र त्यसबाट निसृत पदार्थको भण्डारण र व्यवस्थापनमा कुनै पनि प्रकारको अवरोध गर्न पाइने छैन।

१०) दिसाजन्य लेदो संकलन, ढुवानी कार्यमा संलग्न सेवा प्रदायकहरूलाई सहयोग गर्नु पर्नेछ।

११) दिसाजन्य लेदो व्यवस्थापनका सम्बन्धमा नगरपालिकाले जारी गर्ने अन्य नियम तथा निर्देशनहरूको पालना गर्नु सम्वन्धित पक्षको दायित्व हुनेछ ।

(ख) **नगरपालिकाको काम, कर्तव्य, अधिकार र दायित्वः** यस नगर क्षेत्रभित्र प्रभावकारी रूपमा सुरक्षित सरसफाइ सम्बन्धी सेवाहरुलाई व्यवस्थित गर्नका लागि नगरपालिकाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः

१) सुरक्षित सरसफाइ तथा दिसाजन्य लेदोको उचित व्यवस्थापनका सम्बन्धमा विभिन्न चरणमा सरोकारवालाहरूको सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, जस अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्ने वा गराउने,

(क) नगरपालिकाका प्रत्येक वडाका महिला स्वास्थ्य स्वयंसेविका, नगरपालिकामा दर्ता भएका स्थानीय टोल विकास संस्था, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरू, आमा समुह, युवा

समुह, बाल क्लब र संजाल मार्फत प्रत्येक घरमा दिसाजन्य लेदो व्यवस्थापनको आवश्यकता, महत्व र यस सम्बन्धमा नगरपालिकाले गरिरहेको क्रियाकलापबारे जानकारी दिई यसका सबै चरणमा सहयोग गर्न सबैलाई आग्रह गर्ने,

(ख) नगर क्षेत्रमा कार्यरत डकर्मीहरूलाई मापदण्ड बमोजिमका चर्पी, सेप्टिक ट्याङ्क जस्ता संरचना बनाउन आवश्यक सीप विकास तालिम दिने, साथै सिप प्राप्त डकर्मीहरु नगरपालिकामा सूचीकृत गरी सो को सूची तयार गरि सार्वजनिक गर्ने र सो सूची बार्षिक रुपमा अध्यावधिक गर्ने,

(ग) स्थानीय युवा क्लब, आमा समुह, बाल सञ्जाल तथा समुदायमा आधारित अन्य संघ संस्थाहरूलाई/सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापनका विविध पक्षमा प्रशिक्षक प्रशिक्षण (ToT) दिने,

(घ) नगरपालिकाको वेबसाइट, छापा माध्यम, श्रव्यदृश्य सामग्री, मोबाइल एप, सामाजिक सञ्जाल लगायतका उपयुक्त सञ्चार माध्यमबाट जनचेतना अभिवृद्धि हुने किसिमका सूचना तथा जानकारी प्रचार प्रसार गर्ने ,

२) दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको अनुगमन, सूचना प्रवाह तथा परिच्छेद- १३ अनुसार गठन हुने गुनासो व्यवस्थापन लगायतका सम्पूर्ण अधिकार र दायित्वहरू नगरपालिकामा स्थापना गरिएको खानेपानी, सरसफाइ तथा स्वच्छता शाखामा वा सरसफाइ दिसाजन्य लेदो व्यवस्थापन सेल स्थापना गरि सो सेलमा सुम्पने,

३) यस विनियम अनुसार प्रत्येक घरपरिवारबाट दिसाजन्य लेदो संकलन गरी विसर्जन वा व्यवस्थापन गर्ने प्रविधि अनुसूची ६ मा व्यवस्था भए बमोजिमको प्रविधि अनुसार प्रयोग गरी दिसाजन्य लेदो व्यवस्थापन गर्ने प्रबन्ध मिलाउने,

४) दिसाजन्य लेदोको व्यवस्थापन सेवा नगरपालिका आफैंले वा आधिकारिक सेवा प्रदायकद्धारा उपलब्ध गर्ने गराउने भएमा सोको विधि, प्रक्रिया र शर्त **अनुसूची ६** मा उल्लेख भए बमोजिम सञ्चालनको व्यवस्था मिलाउने,

५) सेप्टिक ट्याङ्क खालि गरी ढुवानी गर्ने सरसफाइ सेवा प्रदायकहरूले सो कार्य बापत लिन पाउने शुल्क अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ । यदि कुनै सेवा प्रदायकबाट तोकिएभन्दा बढी शुल्क लिएको पाइएमा निजबाट बढी लिए जति शुल्क फिर्ता गर्न लगाई

सो रकम बराबर जरिवाना गर्ने, सरसफाइ सेवा प्रदायकले ३ पटक सम्म यस्तो गरेको पाइएमा निजलाई सेवा प्रदायकको सूचीबाट हटाउने,

६) दिसाजन्य लेदोको व्यवस्थापन कार्यमा अटेर गर्नेलाई नगरपालिकाले उपलब्ध गराउने विभिन्न किसिमका सिफारिस, बिजुली बत्ती जस्ता राज्यले दिने सेवाबाट वञ्चित गर्न राज्यका अन्य कानून संग नबाझिने गरी नगरपालिकाको सो अधिकारबारे सार्वजनिक सूचना मार्फत जानकारी दिने,

७) सुरक्षित सरसफाइको व्यवस्थापन कार्यमा कसैको केही गुनासो भएमा त्यसको संबोधन नगरपालिकामा रहेको गुनासो सुनुवाइ समयन्त्र वा वास एकाइले सम्बोधन गर्ने,

८) दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि प्रचलित नियमानुसार आवश्यक पर्ने यन्त्र, मेसिनरी तथा औजारको गुणस्तर र क्षमता तथा ढुवानीको साधन, व्यवस्थापन स्थलको प्रबन्ध गर्ने गराउने,

९) दिसाजन्य लेदोको उचित व्यवस्थापनमा सिमान्तकृत, एकल महिला तथा अति विपन्न वर्गका व्यक्तिहरूलाई समेत सामेल गराई यो सेवालाई शत प्रतिशत बनाउन आवश्यकताअनुसार चर्पी तथा सेप्टिक ट्याङ्क निर्माणमा अनुदान, सेवा शुल्कमा छुट सुविधा उपलब्ध गराउने,

१०) कसैले आफ्नो स्वामित्वमा रहेको घर, टहरा, वा संरचनाको बिक्री वितरण वा स्वामित्व हन्तान्तरण गर्नु अघि स्वामित्व हस्तान्तरण हुने घर, टहरा, वा संरचनामा यो विनियममा उल्लेख भए बमोजिमको दिसाजन्य लेदोको व्यवस्थापन गर्नका लागि चाहिने चर्पी, सेप्टिक ट्याङ्क आदि संरचना सुनिश्चित गर्ने र स्वामित्व हस्तान्तरणका सिलसिलामा नगरपालिकाले दिने सिफारिस लगायतका सुबिधा उपलब्ध गराउने ,

११) सुरक्षित सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापन कार्यमा भएका आय व्ययको दुरुस्त हिसाब राख्ने,

१२) दिसाजन्य लेदो व्यवस्थापनका प्रक्रियाहरूको जानकारी लिन अवलोकन भ्रमणमा आउने विद्यार्थीहरू, अनुसन्धानकर्ता, अध्येता, अन्य पालिकाहरुका प्रतिनिधि तथा अन्तर्देशीय प्रतिनिधिहरूबाट निश्चित सेवा शुल्क लिएर सम्पूर्ण प्रक्रियाहरूको जानकारी दिनु पर्नेछ । यस क्रममा उनीहरूबाट प्राप्त सुझाव तथा सल्लाहलाई लिपिबद्ध गरी राख्नु पर्नेछ,

१३) दिसाजन्य लेदो व्यवस्थापनमा आविष्कार र अवलम्बन भएका जलवायु उत्थानशील (Climate resilient) प्रविधिहरूको अध्ययन गरी त्यसको कार्यान्वयनमा जोड दिने,

१४) दिसाजन्य लेदो व्यवस्थापनका लागि घर र घरदेखि प्रशोधन स्थलसम्म भइरहेका क्रियाकलापहरूको कम्तिमा बार्षिक २ पटक (श्रावण र माघ महिनामा) स्थलगत अनुगमन गर्ने,

१५) दिसाजन्य लेदो प्रशोधनबाट उत्पादित प्राङ्गारिक मलको उपयोग बढाउन तथा बजारीकरण गर्न किसान समूह, सर्वसाधारण व्यक्ति, नर्सरी सञ्चालकहरू, कृषि कार्यालय, विद्यार्थीहरूसँग समन्वयात्मक ढङ्गले काम गर्ने,

१६) दिसाजन्य लेदो व्यवस्थापन प्रशोधन केन्द्र निमार्ण गर्नका लागि जमीन र बाटो (आवश्यक भएमा) उपलब्ध गराउने।

१७) दिसाजन्य लेदो व्यवस्थापन प्रशोधन संयन्त्रको डिजाइन, संस्थागत तथा नियामक खाका, व्यवसायिक योजना, र सञ्चालन निर्देशिका/मार्गदर्शनको तयारी, स्वीकृति र जानकारी दिने।

१८) नगरपालिकाको संस्थागत र व्यवस्थापन क्षमता आँकलन गरि आवश्यकता अनुसार को क्षमता नभए सम्मका लागि दिसाजन्य लेदो व्यवस्थापन सञ्चालन र मर्मत संभार गर्ने जिम्मेवारी उपभोक्ता संस्था वा निजि क्षेत्रलाई दिन सक्ने,

१९) दिसाजन्य लेदो व्यवस्थापनको व्यवसायिक योजना अनुसार उपभोक्ताले सेवा शुल्कबाट सञ्चालन गर्दा दिगो सञ्चालन नभएसम्म सञ्चालन र मर्मत संभारको लागि पर्याप्त स्रोतहरु उपलब्ध गराउने।

२०) प्रशोधन संयन्त्रमा दिसाजन्य लेदो विसर्जन गर्ने सम्भावना भएसम्म नजिकको नगरपालिकाहरुसंग समन्वय गर्ने।

२१) शौचालयमा जडित खाल्डे चर्पी र सेप्टिक ट्यांकी खाली गर्ने व्यक्तिहरुको तथ्यांक लिई सूचिकृत गर्नुका साथै आवश्यक अनुशिक्षण प्रदान गरिनुका साथै परिचय पत्र प्रदान गर्ने व्यवस्था मिलाउने।

२२) शौचालयमा जडित खाल्डे चर्पी र सेप्टिक ट्यांकी खाली गर्ने व्यक्तिहरुका लागि संचालन कार्यविधी (Standard Operating Procedure) तयार गर्ने, लागु गर्ने साथै समयसापेक्ष अनुगमन गर्ने।

२३) समुदाय, व्यक्ति वा कुनै पनि संघसंस्थाको सेफ्टिक टयांक भरिएको, समयमा खाली नगरेको वा जथाभावी विर्सजन गरको बारेमा कुनै व्यक्तिले सूचना दिएमा नगरपालिकाले सूचनादाताको परिचय गोप्य राख्नेछ।

२४) नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन प्रणाली निर्माण, सञ्चालन तथा मर्मत गर्न आन्तरिक बजेटको व्यवस्थापन साथै संघीय तथा प्रदेश सरकार र सरोकारवाला संघ संस्थाहरुसँग आर्थिक र प्राविधिक सहयोग प्राप्त गर्न समन्वय गर्ने,

२५) नगरपालिकाले सुरक्षित सरसफाइ कार्यक्रमका लागी कोषको स्थापना र सञ्चालन गर्ने । सुरक्षित सरसफाइ, दिसाजन्य लेदो संकलन, भण्डारण र व्यवस्थापनमा स्तरउन्नति गर्न शौचालयको सेफ्टिक टयांक, दुई खाल्डे चर्पी, बायोग्यास जडित चर्पी निर्माण तथा मर्मत गर्न नगरपालिकाले घुम्तिकोषको स्थापना र स्थानीय वित्तिय संस्थाहरु मार्फत सुलभ ऋण परिचालन गर्ने,

**(ग) सेवा प्रदायकको काम, कर्तव्य, अधिकार र दायित्वः**

१) सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने,

२) सेवाप्रदायकले दिसाजन्य लेदो रित्याउँदा, ढुवानी, प्रशोधन, सरसफाइ र व्यवस्थापनका प्रत्येक चरणमा जनस्वास्थ्य र वातावरणीय स्वच्छतालाई विशेष ध्यान दिने,

३) सेवाप्रदायकले दिसाजन्य लेदो संकलनप्रशोधन ,, सरसफाइ र व्यवस्थापनमा संलग्न हुने व्यक्तिहरुको काम गर्दा स्वास्थ्य तथा सुरक्षाका उचित प्रबन्ध गर्नु पर्नेछ । सो क्रममा अनुसूची ३ मा उल्लेखित व्यक्तिगत सुरक्षा उपकरण प्रदान गर्ने,

४) सरसफाइमा संलग्न हुने मानव संशाधनको जीवन बीमा र दुर्घटना बीमाको प्रबन्ध गर्ने,

५) दिसाजन्य लेदो प्रशोधन गर्ने क्रममा उत्पादित प्राङ्गारिक मलको बजारीकरण गर्ने,

६) नगरपालिकाको आन्तरिक राजश्व संकलनको नियम बमोजिम सेवा सञ्चालन गर्दा दस्तुर, नविकरण दस्तुर, कर आदि बुझाउने र साथै अनुसूची ७ मा व्यवस्था भए बमोजिम सेवा शुल्क उठाउने,

७) नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारले जारी गरेका नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने,

**(घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुका काम, कर्तव्य र दायित्वः**

१) जनचेतना अभिवृद्धि, क्षमता विकास, ज्ञान प्रवर्धन, व्यवसायिक योजना विकास, उत्पादित र वस्तुको बजार प्रवर्धन गर्न सहयोग गर्ने,

२) नगरपालिकामा संस्थागत र व्यवस्थापन क्षमताको विकास गर्ने तथा दिसाजन्य लेदो व्यवस्थापन गर्नका लागि प्राविधिक सहयोग गर्ने,

३) नमुना प्रशोधन संयत्रको निर्माण र विकासको लागि कोषको व्यवस्था गर्दे नमुना कार्यक्रम संचालन गर्ने,

**(ङ) नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः**

१) यो विनियमको कार्यान्वयनका लागि नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सहजीकरण, नीतिगत सल्लाह, समन्वय र अनुगमन तथा पालनामा नगरपालिकालाई सहयोग गर्ने छ। त्यसका लागि वडा एवम् टोलस्तरीय समितिलाई समेत परिचालन गर्ने ।

## परिच्छेद-५

## शौचालय र सुरक्षित भण्डारण सम्बन्धी व्यवस्था

(७) शौचालय र मानव मलमूत्रको सुरक्षित भण्डारण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछः

(क) शौचालय सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछः

१) नगरपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, बिद्यालय, व्यवसाय संचालकले अनिवार्य अनुसूची ८ मा उल्लेख भए बमोजिमको शौचालय निर्माण गर्नु पर्नेछ।

२) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको व्यवस्थापन गर्ने निकायले शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

३) नगरपालिकाले कार्यालयको शौचालय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०; बिद्यालयको शौचालय बिद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१; स्वास्थ्य संस्थाको शौचालय नेपालका स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राष्ट्रिय मापदण्ड, २०१८ (सन्) र

सार्वजनिक शौचालयको संचालन तथा व्यवस्थापन सार्वजनिक शौचालयको संचालन तथा व्यवस्थापन कार्यबिधि, २०७९ बमोजिम गर्ने छ।

४) यस विनियम बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने आर्थिक रुपमा विपन्न परिवारका लागि नगरपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

५) नगरपालिकाले नगरक्षेत्र भित्रका घरधुरी, सार्वजनिक स्थल, संघसंस्था, विद्यालयहरुमा भौगोलिक अवस्थाका आधारमा, सेप्टिक ट्यांक वा दुई खाल्डे चर्पी वा वायोग्यास जडित चर्पी मध्यमा कुनै एक शौचालय निर्माण गर्न स्वीकृत दिन सक्नेछ ।

(ख) मानव मलमुत्रीय फोहोरको भण्डारण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछः

१) भण्डारण सम्बन्धमा NEPAL NATIONAL BUILDING CODE (NBC: 208, Sanitary and Plumbing Design Requirements) को ब्यवस्था अनुसार ढलरहित क्षेत्र अन्तर्गत रहेका कुनै पनि संरचनाबाट निस्किने फोहोर पानीलाई सेप्टिक ट्यांक, स्टेबलाइज्ड पन्ड (Stabilized Pond) वा सम्वन्धित आधिकारिक संस्थाबाट स्वीकृत प्रविधि मार्फत् प्रशोधन गरिएको हुनुपर्ने छ ।

२) नगरक्षेत्रमा प्रयोग हुने प्रत्येक ढलरहित चर्पीबाट निष्कासन हुने दिसाजन्य लेदोलाई सेप्टिक ट्याङ्क वा अन्य स्थलगत सरसफाइ प्रणालीमा जम्मा भएको हुनु पर्नेछ ।

३) नगरक्षेत्रमा नयाँ निर्माण हुने भवन तथा मानिसको प्रयोजनका अन्य कुनै संरचनामा निर्माण गरिने स्थलगत सरसफाइ प्रणाली सहितको नक्सा निर्माण गरेर मात्र घर नक्सा पास गर्नु पर्ने छ ।

४) सेवाग्राहीहरूले घर नक्सा पास नगरी बनाउन पाइने संरचनाहरूका लागि बनाइने चर्पीमा समेत नगरपालिकाबाट मापदण्ड अनुसार स्थलगत सरसफाइ प्रणाली सहितको नक्सा पास गराई निर्माण गराउनु पर्नेछ ।

५) भवन निर्माण सम्पन्नता प्रतिवेदनका लागि सिफारिस गर्दा उपरोक्त मापदण्ड अनुसार चर्पी, सेप्टिक ट्याङ्की, सोकपिट आदि संरचना बनेको नबनेको सम्बन्धमा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा प्रमुख वा प्रतिनिधिबाट स्थलगत निरिक्षण वा अनुगमन गरी उपयुक्त देखिएमा मात्र सिफारिस गरिने छ। नगरपालिका कार्यालयले चर्पी सेप्टिक ट्यांक निर्माण गरेको सुनिश्चित गरेपछि मात्र भवन निर्माण सम्पन्नताको प्रतिवेदन नगरपालिकाबाट जारि गरिनेछ ।

**(ग) यो विनियम लागू भइसकेपछि देहायका अवस्थामा दिसाजन्य लेदो संकलन र भण्डारणका संरचनाहरूको सुधार, पुनः निर्माण वा स्तरोन्नति गर्नु पर्नेछः**

(अ) नगरपालिकाभित्र निर्माण गरिएका चर्पी र सेप्टिक ट्याङ्क दिसाजन्य लेदो संकलनका दृष्टिले उपयुक्त नभएमा,

१)विद्यमान संरचनाका कारणले वरपरको वातावरणमा प्रतिकुल असर पार्ने देखिएमा,

२)विद्यमान संरचनाहरू बाढी, पहिरो, सडक निर्माण, भवन निर्माण वा अन्य कुनै प्राकृतिक र मानवीय कारणले निकट भविष्यमा क्षतिग्रस्त हुने देखिएमा,

३)विनियम (५) उपविनियम (ख) (३) बमोजिम रहेको भवन तथा मानिसको प्रयोजनका अन्य कुनै संरचना पुनर्निर्माण गर्नु परेमा वा साबिकको भन्दा ५० प्रतिशत बढी तला वा क्षेत्रफल थप गर्नु परेमा,

४)नगरपालिकाले अन्य कुनै मनासिब कारण फेला पारेमा तुरुन्त तिनको स्तरीकरण गर्नु गराउनु पर्नेछ । यदि कसैले यो कार्यमा अटेर गरेमा निजलाई नगरपालिकाले दिने सिफारिस लगायतका सुविधाबाट वञ्चित गर्न सकिने जानकारी दिई त्यसको कार्यान्वयन गर्नु पर्नेछ । तर, अति विपन्न, सीमान्तकृत, भूमिहीन, एकल महिला, वृद्ध/वृद्धा वा नाबालक घरमुली भएका घर परिवारका हकमा नगरपालिकाले आवश्यकताका आधारमा चर्पी र सेप्टिक ट्याङ्क निर्माण वा स्तरोन्नति गर्न विभिन्न संघ संस्था वा निकायहरुबाट सहयोग जुटाउने वा नगरपालिका आफैले सहयोग गर्न सक्नेछ।

**सेप्टिक ट्याङ्क तथा अन्य स्थलगत सरसफाइ प्रणालीको आधारभूत संरचना तोकिएबमोजिम हुनुपर्नेछः**

(अ) सेप्टिक ट्याङ्की तथा अन्य स्थलगत सरसफाइ प्रणालीको संरचनाको आधारभूत डिजाइन अनुसूची २ मा उल्लेख विवरणअनुसार वा नगरपालिकाले सिफारिस गरेको डिजाइनअनुसार हुनुपर्नेछ ।

## परिच्छेद-६

## दिसाजन्य लेदो सङ्कलन र ढुवानी सम्बन्धी व्यवस्था

**८)** दिसाजन्य लेदो सङ्कलन सङ्कलन र ढुवानीसम्बन्धी व्यवस्था देहाय बमोजिम गर्नु पर्नेछः

१) सेप्टिक ट्याङ्क लगायतका दिसाजन्य लेदोको भण्डारण स्थल दिसाजन्य लेदो रित्याउन, निरीक्षण गर्न र मर्मत सम्भार गर्न सहज किसिमले बनाइएको हुनु पर्छ र यी कार्यहरु गर्न यसमाथि कुनै पनि किसिमले व्यवधान पुर्‍याउने खालका संरचना निर्माण वा अवरोध पुर्‍याइएको हुनु हुँदैन।

२) सेप्टिक ट्याङ्क लगायतका दिसाजन्य लेदोको भण्डारण स्थल रित्याउने काममा परम्परागत विधि अपनाउँदा (जस्तै, हाते औजारको प्रयोग, लेदोलाई हातले निकालेर डोको वा बाल्टीमा भर्ने र त्यसलाई बोकेर नजिकैको फोहोर व्यवस्थापन स्थलमा लैजाने) स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्नु पर्नेछ ।

३) नगरपालिकाले दिसाजन्य लेदो सङ्कलन र ढुवानीका लागि फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा १५ बमोजिम बोलपत्र आह्वान गरी सोही दफाको उपदफा २ बमोजिमका आधारहरूमा सेवा प्रदायकहरूलाई यो अधिकार र दायित्व सुम्पन सक्नेछ।

४) सेप्टिक ट्याङ्कको आकार, जमिनको प्रकृति, प्रयोगकर्ताको संख्या जस्ता पक्षलाई मध्यनजर गरी प्रयोगकर्ताले बढिमा ३ वर्षको अवधिमा एकपटक सेप्टिक ट्याङ्क सफा गराउनु पर्नेछ। सोभन्दा छिटो सेप्टिक ट्याङ्क सफा गर्नु परेमा यस प्रावधानले सेप्टिक ट्याङ्क सफा गर्न बन्देज लगाएको मानिने छैन र नगरपालिकालाई जनस्वास्थ्य र वातावरण संरक्षणका दृष्टिले कुनै सेप्टिक ट्याङ्क सफा गर्न आवश्यक लागेमा जुनसुकै समयमा पनि सफा गर्न लगाउन सक्ने छ ।

५) नियमित र निर्धारित समयमा सेप्टिक ट्याङ्क खाली गर्ने कार्यको सुनिश्चितताका लागि तथ्याङ्कमा आधारित जानकारीमूलक डिजिटल प्रणाली अवलम्बन गरिनेछ ।

६) सेप्टिक ट्याङ्क रित्याउनका लागि मेसिन लगाएर तान्ने (सक्सन) प्रविधि अवलम्बन गर्नुपर्नेछ र त्यस्तो सेवा निजी सेवाप्रदायक वा नगरपालिका वा सामुदायिक/सहकारी संस्था वा मिलेर संयुक्त रुपमा वा अलग अलग तवरबाट गर्न सकिने छ । निजी क्षेत्रलाई यस कार्यमा

प्रोत्साहित तथा संलग्न गराउन सार्वजनिक निजी साझेदारी मोडल अवलम्बन पनि गर्न सकिने छ ।

७) इजाजत प्राप्त सेवाप्रदायक वा नगरपालिकाले सङ्कलित दिसाजन्य लेदोलाई प्रशोधन केन्द्रमा मात्र लगेर विसर्जन गर्नुपर्नेछ। प्रशोधन केन्द्र निर्माण नभएको अवस्थामा नगरपालिकाले तोकेको सुरक्षित स्थानमा आवश्यक प्रकृया पुर्याई विसर्जन गर्नुपर्नेछ । र छिमेकी नगरपालिकाहरुसँग सम्झौता भएको हकमा मात्रै अन्य नगरपालिकामा सङ्कलित दिसाजन्य लेदो फोहर तोकिएको प्रशोधन केन्द्रमा बिसर्जन गर्न सकिने छ ।

८) तोकिएको स्थान बाहेक अन्य स्थानमा दिसाजन्य लेदो विसर्जन गरेको पाइएमा सेवाप्रदायक वा त्यस्ता व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम सजाय गरिनेछ। )स्पष्टीकरणः यस विनियममा प्रयोजनका लागि तोकिएको स्थान बाहेक अन्य स्थान भन्नाले खुला स्थान, खोलानाला, जंगल, बारी, खोल्सा र बाटो जस्ता स्थानहरुमा विर्सजन गर्न पाइने छैन भन्ने बुझनु पर्दछ)

९) सेवाप्रदायकले सफाइकर्मीका लागि अनुसूची ३ मा उल्लेख गरिए बमोजिमको गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्नेछ र सफाइकर्मीहरुको स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिनु पर्नेछ । अनुसूची ३ उल्लेख भए अनुसारको सुरक्षा उपकरणको प्रयोग भएको नपाइएमा नगरपालिकाले कानून बमोजिम सेवाप्रदायकलाई सजाय गर्न सक्नेछ।

१०) दिसाजन्य लेदो संकलन र ढुवानी सेवाको अवस्था सम्बन्धि अद्यावधिक गर्ने, नविनतम ज्ञान सीप क्षमता अभिबृद्धि र जनचेतनाका लागि नगरस्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिले वडागत रुपमा बार्षिक अभिमुखीकरण वा तालिम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद- ७

## दिसाजन्य लेदोको प्रशोधन, पुनः प्रयोग र अवशेषहरूको विसर्जन सम्बन्धी व्यवस्था

**९. दिसाजन्य लेदोको प्रशोधन, पुनः प्रयोग र अवशेषहरूको विसर्जन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः**

१) प्रशोधन केन्द्रले प्रशोधन गरेको फोहोर पानी निष्कासन गर्दा नेपाल सरकारले निर्धारण गरेको फोहोरपानी प्रशोधन केन्द्रबाट प्रशोधन भई उत्सर्जन हुने प्रशोधित फोहोरपानीको मापदण्ड २०८० भित्र रहने गरी गर्नु पर्नेछ । त्यसका लागि उपयुक्त प्रशोधन विधि र प्रविधिको उपयोग गर्नुपर्नेछ ।

२) नगरपालिकाले नियमित रूपमा प्रशोधन केन्द्रको कार्यक्षमता र सञ्चालन प्रक्रियाका सम्बन्धमा जाँचबुझ गरी आवश्यकता अनुसार प्रशोधन केन्द्रको पुनर्मूल्याङ्कनका आधारमा मर्मतसम्भार गर्ने गराउने छ ।

३) दिसाजन्य लेदो व्यवस्थापनको लागि क्रियाकलाप गर्दा (प्रशोधन केन्द्रको स्थापना, संचालन, मर्मतसम्भार) उत्पादन हुने रोजगारी र अन्य अवसरमा स्थानियलाई नै प्राथमिकता दिनुपर्नेछ ।

४) नगरपालिकाले प्रशोधन केन्द्रको सञ्चालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणका लागि कृषि सम्बद्ध सरकारी निकाय, सहकारी क्षेत्र, निजी, सामुदायिक तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य एवम् साझेदारी गर्न सक्ने छ ।

५) प्रशोधनबाट निस्केको प्राङ्गारिक मल खेतीपाती, करेसाबारी, कौशी खेती, नर्सरी, वृक्षरोपण आदिमा, र अन्य ठोस अवशेषहरूलाई सडक, तटबन्ध, भवन निर्माण लगायतका क्रियाकलापहरूमा तथा प्रशोधित फोहरपानी उत्सर्जन सम्बन्धी मापदण्ड २०८० बमोजिम प्रशोधित तरल पदार्थलाई सिंचाइ मा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६) प्रशोधन केन्द्र सञ्चालन तथा प्रशोधन केन्द्रबाट निस्केको प्रयोगजन्य उत्पादनको संकलन, भण्डारण, विक्री वितरणको लागि र यससँग सम्वन्धित जनचेतना तथा क्षमता विकासका कार्यका लागि समुदायमा आधारित दिगो स्रोतजन्य संस्थाहरु जस्तै समुदायमा आधारित संघ वा संस्थासहकारी संस्था र सामुदायिक संस्था वा उपभोक्ता समुहहरुसँग सहकार्य गर्न , गराउन सकिने छ ।

७) नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन प्रशोधन केन्द्र स्थापनाको लागी बढिमा पाँच वर्ष भित्र उपयूक्त स्थान को छनौट गरी प्रचलित कानुन बामोजिम स्वीकृति प्राप्त गरि राख्नु पर्नेछ । स्थान सुनिश्चित गर्दा **अनुसूची ९** मा उल्लेखित न्यूनतम आवश्कतामा आधारित हुनुपर्ने छ । जमीनको स्वामित्व नगरपालिकाको वा सार्वजनिक हुनुपर्ने छ ।

८) नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन प्रशोधन, विसर्जन र अन्तिम उपयोग गर्ने कार्यहरु गर्दा शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७ ले परिभाषित गरेको मानकहरु अनुपालन भए नभएको, तरल उत्सर्जन, सार्वजनिक स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव विना विसर्जन भए नभएको निरीक्षण गर्ने छ ।

## परिच्छेद-८

## संस्थागत तथा सार्वजनिक शौचालय, सार्वजनिक स्थल तथा कार्यक्रमहरूमा सरसफाइ

१०. संस्थागत तथा सार्वजनिक शौचालय र सार्वजनिक स्थल तथा कार्यक्रमहरूमा सरसफाइ सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

### (क) सार्वजनिक स्थल तथा कार्यक्रमहरूमा सरसफाइ व्यवस्था

(१) सार्वजनिक स्थलहरू (बजार, पार्क, सडक, मेला क्षेत्र आदि) तथा कार्यक्रमहरू (मेला, जात्रा, सभा, उत्सव आदि) मा फोहोर फाल्ने, खुला दिसापिसाब गर्ने वा सरसफाइमा बाधा पुऱ्याउने कार्य पूर्ण रूपमा निषेध गरिएको छ।

(२) यस्ता सार्वजनिक स्थल तथा कार्यक्रमहरूको आयोजकले अस्थायी शौचालयको व्यवस्था, डस्टबिन राख्ने तथा सरसफाइ टोली परिचालन गर्नु अनिवार्य हुनेछ।

(३) यस विनियम (१०) को उपविनियम (१) वा (२) को उल्लङ्घन गर्ने व्यक्ति वा आयोजकलाई नगरपालिकाको नियम बमोजिम रु. ५,००० देखि रु. १,००,००० सम्म जरिवाना वा अन्य प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

### ख. अनुगमन तथा सरसफाइ अभियान

(१) नगरपालिकाले यस व्यवस्थाको नियमित अनुगमन तथा निरीक्षण गर्नेछ । (२) अनुगमन तथा मूल्याङ्कनको आधारमा नगरपालिकाले सरसफाइ अभियान सञ्चालन गर्नेछ र नागरिकहरूलाई सफा तथा स्वस्थ वातावरण कायम राख्न सहयोग गर्न आह्वान गर्नेछ ।

(३) सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापन शारदा नगरपालिका सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम हुनेछ ।

(४) यस व्यवस्थाको कार्यान्वयनका लागि आवश्यक अन्य व्यवस्था नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-९

## फोहोरपानी तथा ग्रे-वाटर व्यवस्थापन सम्बन्धि व्यवस्था

**११. फोहोरपानी तथा ग्रे-वाटर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः**

१) नगरपालिकाले घरेलु, संस्थागत फोहोरपानी (वर्षातको पानी मिसिएको समेत) तथा ग्रे-वाटर (सिंक, शावर, धुने मेसिनबाट निस्कने पानी, शौचालयको फोहोरपानी बाहेक) को सङ्कलन, उपचार र व्यवस्थापन गर्नेछ। कुनै पनि व्यक्ति वा संस्थाले उपचार नगरी फोहोरपानी वा मानव मलमूत्र नदी, खोला, ताल, पोखरी, बस्ती वा सार्वजनिक स्थलमा फाल्न पाउने छैन।

२) फोहोरपानी उत्सर्जन गर्दा राष्ट्रिय मापदण्डहरू BOD५ ≤५० mg/L, COD नापेर रिपोर्ट गर्ने, TSS ≤६० mg/L, PH ६—९, E. coli ≤1000 (CFU/100 mL) कडाइका साथ पालना गर्नुपर्नेछ। फोहोरपानी परीक्षण गर्नको लागि फोहोरपानी प्रशोधन केन्द्र अगाडि वा पछाडिबाट लिईने नमूना संकलन तोकिएको बिधि अपनाई गर्नु पर्नेछ। साथै, फोहोरपानीको पुनःप्रयोग गर्दा सूक्ष्मजीव तथा विषाक्त रसायनको जोखिम मूल्याङ्कन गरी स्वास्थ्य-आधारित लक्ष्यहरू निर्धारण गर्नुपर्नेछ।

३) फोहोरपानीको गुणस्तर सुनिश्चित गर्न नियमित नमूना सङ्कलन, प्रयोगशाला परीक्षण तथा निरीक्षणको व्यवस्था गरिनेछ। तोकिएका निरीक्षकहरूलाई प्रवेश, निरीक्षण र कारबाहीको अधिकार प्रदान गरिनेछ। फोहोरपानी व्यवस्थापन सेवा प्रदान गर्ने संस्थाहरूले नगर खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन २०७९ को परिच्छेद ७ को दफा ३८ मा व्यवस्था भए बमोजिम अनिवार्य लाइसेन्स प्राप्त गर्नुपर्नेछ।

४) ग्रे-वाटरको पुनःप्रयोग गर्दा २४ घण्टाभन्दा बढी भण्डारण गर्न नहुने, जमिनमा सोसाउने (infiltration) विधि अपनाउने तथा मानव सम्पर्क पूर्णतः न्यूनीकरण गर्ने दिशानिर्देशहरू पालना गर्नुपर्नेछ। संघीय, प्रादेशिक र स्थानीय तहहरूबीच फोहोरपानी सङ्कलन, उपचार तथा व्यवस्थापनको जिम्मेवारी स्पष्ट बाँडफाँड गरी स्थानीय सरकारले समन्वयात्मक भूमिका निर्वाह गर्नेछ।

५) उपभोक्ताहरूले फोहोरपानी जडान तथा व्यवस्थापन सेवाका लागि नगरपालिकामा आवेदन दिनुपर्ने र निर्धारित शुल्क तिर्नुपर्नेछ। यस ऐन वा नियमावलीको उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई १ लाख रुपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा प्रचलित कानुन बमोजिम थप कारबाही हुनेछ।

## १२. सरसफाइ तथा ढल विकास सेवा सम्बन्धी व्यवस्था

(क) सरसफाइ तथा ढल विकास सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

१) नयाँ भवन निर्माण गर्दा ढल प्रशोधन प्रणाली (सेप्टिक ट्याङ्क) अनिवार्य रूपमा जडान गर्नुपर्नेछ। ढललाई नदी, खोला वा सार्वजनिक नालामा प्रत्यक्ष रूपले जडान गर्न पूर्णतः निषेध गरिएको छ। व्यावसायिक तथा औद्योगिक प्रतिष्ठानहरूले आफ्नै ढल प्रशोधन प्लान्ट स्थापना गरी सञ्चालन गर्नुपर्नेछ।

२) नगरपालिकाले नियमित रूपमा नाला तथा ढलको सफाइ गर्ने व्यवस्था मिलाउनेछ। ढल अवरुद्ध भएमा सम्बन्धित घरधनी वा घरधुरीले तत्काल सफाइको व्यवस्था गर्नुपर्नेछ।

३) नगरपालिकाले फोहर सङ्कलन, ढल सफाइ तथा सरसफाइ सेवाका लागि मासिक वा वार्षिक शुल्क दर निर्धारण गर्नेछ र सो शुल्क दर नगरसभाबाट स्वीकृत हुनुपर्नेछ। सार्वजनिक शौचालयको सञ्चालन, व्यवस्थापन तथा मर्मत शारदा नगरपालिका सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम हुनेछ तथा प्रयोगकर्ताले सो शौचालय सफा तथा सुव्यवस्थित राख्ने दायित्व बहन गर्नुपर्नेछ।

४) सरसफाइ तथा ढल व्यवस्थापन सम्बन्धी समितिले नियमित अनुगमन तथा निरीक्षण गर्नेछ र कुनै उल्लङ्घन पाइएमा सम्बन्धित पक्षलाई सुधार गर्न सूचना जारी गर्नेछ। यस विनियमको उल्लङ्घन गर्ने व्यक्तिलाई पहिलो पटक रु. ५,००० देखि रु. २०,००० सम्म जरिवाना हुनेछ। दोहोर्याएमा जरिवाना दोब्बर गरी सेवा रोक्का गरिनेछ। गम्भीर प्रकृतिको प्रदूषण गर्ने कार्य भएमा रु. १,००,००० सम्म जरिवाना तथा प्रचलित कानून बमोजिम थप कारबाही हुनेछ।

## परिच्छेद-१०

### स्वच्छता प्रवर्द्धन तथा खुला दिसामुक्त (ODF) अवस्थाको दिगोपना

**१३.** स्वच्छता तथा स्वास्थ्य व्यवहारको प्रवर्द्धन र खुला दिसामुक्त (ODF) अवस्थाको निरन्तर अनुगमन तथा दिगोपना सुनिश्चित गर्ने सम्बन्धमा देहायबमोजिमका व्यवस्था गरिएको छः

१)पूर्ण सरसफाइ (Total Sanitation) तर्फ अग्रसर हुन नगरपालिकाले शौचालयको निरन्तर प्रयोग, हात धुने अभ्यास, सफा खानेपानीको उपयोग, खाना तथा घरको सरसफाईजस्ता स्वास्थ्य तथा स्वच्छता सम्बन्धि व्यवहारहरूलाई प्रवर्द्धन गर्न नियमित अभियान, जागरण कार्यक्रम तथा सामुदायिक गतिविधिहरू सञ्चालन गर्नेछ।

२)खुला दिसामुक्त अवस्थाको दिगोपनका लागि नगरपालिकाले आफ्नो वार्षिक योजना तथा बजेटमा Post-ODF सम्बन्धी गतिविधिहरू (यसमा शौचालय मर्मत तथा सुधार, मानव मलमुत्रीय लेदो व्यवस्थापन र संस्थागत सरसफाई समावेश छन्) का लागि छुट्टै बजेटको व्यवस्था गर्नेछ।

३)खुला दिसामुक्त अवस्था कायम राख्न निरन्तर अनुगमन गर्न नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति मार्फत नियमित निरीक्षण, तथ्यांक संकलन, प्रतिवेदन प्रणालीको स्थापना तथा कमजोर क्षेत्रहरूको पहिचान गरी तत्काल सुधारात्मक कारबाही गर्ने व्यवस्था गरिनेछ ।

४) स्वास्थ्य तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय, सार्वजनिक संस्था तथा समुदाय स्तरमा हात धुने, शौचालयको नियमित प्रयोग र फोहोर व्यवस्थापन सम्बन्धी शिक्षा, तालिम तथा जागरण कार्यक्रमहरूलाई अनिवार्य रूपमा समावेश गरी सामाजिक परिवर्तनका संवाहकहरू (जस्तैः बाल क्लब, महिला समूह, युवा समूह आदि) लाई परिचालन गरिनेछ।

**५)** खुला दिसामुक्त अवस्थाको दिगोपना सुनिश्चित गर्न कमजोर, विपन्न तथा जोखिममा रहेका घरपरिवारहरूलाई स्थानीय स्तरमा स्थापित सहयोग संयन्त्रहरू (जस्तैः सरसफाइ घुम्तीकोष, पुरस्कार तथा प्रोत्साहन प्रणाली) मार्फत आवश्यक सहायता उपलब्ध गराई खुला दिसा गर्ने कार्यलाई पूर्ण रूपमा निरुत्साहित गरी नियन्त्रण गरिनेछ ।

## परिच्छेद-११

## सेवाको सर्त, इजाजत, शुल्क र सेवाको प्रकार सम्बन्धी व्यवस्था

**१४. दिसाजन्य लेदो व्यवस्थापनका लागि यस विनियमले देहाय बमोजिमका सेवाहरूको पहिचान गरेको छः**

१) नगरपालिका स्वयंद्वारा प्रदान गरिएको सेवा,

२) उपभोक्ता संस्थाद्वारा प्रदान गरिएको सेवा,

३) नगरपालिका र उपभोक्ता संस्थाको सहकार्यमा प्रदान गरिएको सेवा,

४) निजी क्षेत्रका सेवा प्रदायकबाट प्रदान गरिएको सेवा,

५) नगरपालिका र निजी क्षेत्रका सेवा प्रदायकको सहकार्यमा प्रदान गरिएको सेवा,

६) नगरपालिका, निजी क्षेत्रका सेवा प्रदायक र उपभोक्ता संस्थाको त्रिपक्षीय सहकार्यमा प्रदान गरिएको सेवा,

**गैरसरकारी वा समुदायमा आधारित संस्थाबाट सहकार्यमा प्रदान गरिएको सेवा ।**

द्रष्टब्य : नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापनका लागि सेवा प्रदायकहरूका लागि सार्वजनिक आह्वान गर्नु पूर्व नै कानून बमोजिम स्थापित संगठित संस्था मात्र सेवा प्रदायक हुन पाउनेछन् ।

(१५) नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापनका लागि इच्छुक सेवा प्रदायकका लागि निश्चित शर्तहरू निर्धारण गरी सार्वजनिक आह्वान गर्न सक्नेछ ।

(१६) विनियम (१५) बमोजिमको सार्वजनिक आह्वान अनुरूप सेवा सञ्चालनको इजाजत लिन चाहने व्यवसायीसँग दिसाजन्य लेदो व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने अनुभव, ज्ञान, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय क्षमता, आधुनिक यन्त्र, औजार, तथा मानव संशाधन हुनु अनिवार्य हुनेछ ।

(१७) अनुसूची दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा सञ्चालन गर्न चाहने सेवाप्रदायकले ४ मा दिइएको इजाजतका लागि पेश गर्नु पर्ने निवेदनको ढाँचामा विनियम (१६) मा उल्लेख गरिए अनुसारको दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा सञ्चालनसम्बन्धी अनुभव, ज्ञान, प्राविधिक,

आर्थिक तथा व्यवस्थापकीय क्षमता, आधुनिक यन्त्र, औजार, तथा मानव संसाधन सहितको व्यहोरा उल्लेख गरी प्रस्ताव समेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(१८) विनियम (१५) अनुरूपको आह्वान तथा विनियम (१६) अनुरूपका विशेषताहरूका आधारमा नगरपालिकाले रीत र प्रक्रिया पुऱ्याई एकभन्दा बढी निवेदन दर्ता हुन आएमा निवेदन र प्रस्ताव उपर छानबीन गरी सबैभन्दा बढी बोलकबोल गर्ने व्यवसायीलाई निजको अनुभव, प्राविधिक, व्यवस्थापकीय तथा आर्थिक क्षमता समेतको मूल्याङ्कन गरी सेवाप्रदायकको भूमिकाको इजाजत दिनेछ।

(१९) दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा प्रदायकमा छनोट भएको सेवा प्रदायकले अनुसूची ५ मा तोकिए बमोजिमका शर्तहरूको अधीनमा रही सेवा सञ्चालन गर्नु पर्नेछ।

(२०) यस विनियममा जेसुकै लेखिएको भए तापनि नगरपालिका आफैले त्यस्तो सेवा प्रदान गरेको अवस्थामा नगरपालिकाको हकमा उक्त प्रावधान लागू हुने छैन ।

(स्पष्टिकरणः नगरपालिकाको हकमा, ईजाजत, निबेदन, बोलपत्र, सेवा प्रदायक छनौट प्रक्रिया जस्ता कुराहरु नगरपालिकाको हकमा हुदैन)

## परिच्छेद-१२

## समितिको गठन तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२१. नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति र खानेपानी, सरसफाई तथा स्वच्छता शाखाको संरचना शारदा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७९ को परिच्छेद—३ को दफा ११ र १४ मा उल्लेख भएबमोजिम हुनेछ।

(क) सुरक्षित सरसफाई व्यवस्थापन समिति गठन गरिनेछ।

(ख) सुरक्षित सरसफाइ समितिः सुरक्षित सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यलाई सुचारु रूपमा अघि बढाउन देहाय बमोजिमको सुरक्षित सरसफाइ व्यवस्थापन समिति गठन गरिनेछः

१) नगरप्रमुख अध्यक्ष

२) नगर उपप्रमुख सदस्य

३) सम्पूर्ण वडाका वडा अध्यक्ष सदस्य

४) प्रमुख प्रशासकीय अधिकृत सदस्य

५) महिला बालबालिका तथा समाज कल्याण शाखा- सदस्य

६) वातावरण सरसफाइ तथा विपद् व्यवस्थापन उप शाखा-सदस्य

७) कार्यपालिकाका १ जना महिला र १ जना समावेशी वर्गबाट सदस्य

८) नगरपालिकामा अवस्थित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू मध्ये १ जना अध्यक्ष १ जना महिला सदस्य -

९) खानेपानी, तथा सरसफाइ शाखा -सदस्य सचिब

द्रष्टव्य : यस समितिमा ३३% महिला तथा सिमान्तकृत वर्गको समानुपातिक प्रतिनिधित्व सुनसश्चित गरिने छ ।

(२२) विनियम (२१) बमोजिम गठित समितिको देहाय बमोजिमको अधिकार र कर्तव्य हुनेछः

१) सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापनको कार्यलाई दिगो र प्रभावकारी बनाउन जनचेतनामूलक कार्यक्रमहरूको पहिचान गर्ने,

२) इजाजतपत्रका शर्त तोक्ने,

३) सेवा शुल्क तथा जरिवाना निर्धारणको सिफारिस गर्ने,

४) सेवाग्राहीलाई निजको शुल्क तिर्न सक्ने क्षमता, आम्दानीको स्तर, पारिवारिक तथा सामाजिक अवस्थाका आधारमा सेवा शुल्कमा दिने छुट वा मिनाहाको सिफारिस गर्ने,

५) यो विनियम बमोजिमको व्यवस्था कार्यान्वयन, सहजीकरण र दैनिक कामकारबाहीको रेखदेख गर्ने ,

(क) नगरपालिकामा सरसफाइ र दिसाजन्य लेदो व्यवस्थापन गर्नको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाका प्रमुख वा कर्मचारीलाई विनियम अन्तर्गतको कार्यसम्पादनको जिम्मेवारी प्रदान गर्ने,

१) नगरपालिकाले आफ्नो नगरक्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा सञ्चालनका लागि समितिको सिफारिसको आधारमा सेवा शुल्क प्रत्येक २ वर्षमा पुनरावलोकन गर्नेछ।

२) यस्तो शुल्क नगरपालिका वा इजाजत प्राप्त सेवा प्रदायकले साबिकमा उठाउँदै आएको फोहोरमैला व्यवस्थापनको अङ्ग हुने छैन।

(ख) दिसाजन्य लेदो व्यवस्थापन बापतको शुल्क निर्धारणका आधारहरू देहाय बमोजिम हुनेछन्

क) दिसाजन्य लेदो ढुवानी गर्ने साधन टयांकरहरूको आयतनको आधारमा शुल्क,

ख) प्रशोधन केन्द्रसम्मको दूरी,

ग) सेवाग्राहीको प्रकार (घर, व्यापारिक प्रतिष्ठान, विद्यालय, कलेज, सार्वजनिक सरोकारका निकायहरू आदि),

घ) सेवाग्राहीको आर्थिक अवस्था (अति विपन्न वर्गहरूलाई नगरपालिका वा नगरपालिकाबाट इजाजतप्राप्त सेवा प्रदायकले शुल्कमा छुट वा मिनाहा दिनु पर्नेछ),

ङ) तत्काल विकसित भएको अन्य परिस्थिति ।

## परिच्छेद-१३

## <u>गुनासो सुनाइ तथा उजुरी सम्बन्धी व्यवस्था</u>

(२३) सुरक्षित सरसफाइ तथा पनका कुनै पनि चरणमादिसाजन्य लेदो व्यवस्था सेवाग्राही, सेवाप्रदायक, नगर क्षेत्रमा कार्यरत संघसंस्था वा अन्य सरोकारवालाहरूको कुनै पनि गुनासो भएमा त्यसलाई सुरक्षित सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापनको जिम्मेवारी निर्वाह गरिने शाखामा दर्ता गर्न सकिनेछ ।

क) गुनासो टिप्नका लागि टोल फ्री नम्बर को व्यवस्था गरी त्यसको जानकारी सेवाग्राहीहरूलाई दिनु पर्नेछ ।

(२४) गुनासो सम्बोधन गुनासो प्राप्त गरेको १५ दिन भित्र त्यसको कार्वाही तथा कार्यान्वयन समेत गरिसक्नु पर्नेछ ।

(२५) स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ८ को न्यायिक कार्य सम्बन्धी व्यवस्था बमोजिम गुनासो व्यवस्थापन हुनेछ ।

(२६) विनियम (२४) बमोजिम प्राप्त पुनरावेदन उपर न्यायिक समितिले यथाशीघ्र निर्णय गरी सो निर्णयको कार्यान्वयन गराउने आदेश दिन सक्नेछ ।

(२७) विनियम (२५) बमोजिम न्यायिक समितिले गरेको निर्णयमा समेत चित्त नबुझेमा उजुरीकर्ता न्यायिक उपचारका लागि न्याय सम्पादन गर्ने अन्य निकाय समक्ष जान सक्नेछन् ।

## परिच्छेद-१४

## जरिवाना तथा सजाय

(२८) देहाय बमोजिमको अवस्थामा यो विनियमको व्यवस्था बर्खिलाफ गरेको मानिनेछः

**(क)** सुरक्षित सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापनको कुनै पनि चरणको काम गर्ने जिम्मेवारी सेवाप्रदायकले अरूलाई दिएको वा उप,ठेक्का दिएको पाइएमा -

**(ख)** सुरक्षित सरसफाइ तथा दिसाजन्य लेदो व्यवस्थापनको कुनै पनि चरणको काममा सो कार्य सम्बन्धि ज्ञान तथा सिप तथा सुरक्षा उपकरण सम्वन्धित अभिमुखिकरण प्रदान नगरिएको वा नभएको व्यक्तिलाई काम लगाएको अवस्थामा,

**(ग)** दिसाजन्य लेदोलाई प्रशोधन केन्द्र वा तोकिएको क्षेत्रबाहेक अन्य ठाउँमा निष्काशन वा विसर्जन गरेमा,

**(घ)** खुल्ला ठाउँमा दिसापिसाब गरेमा,

**(ङ)** आफ्नो घर, कार्यालय तथा कार्यस्थलमा तोकिएको मापदण्ड बमोजिमको

चर्पी तथा सेप्टिक ट्याङ्क नबनाएको पाइएमा,

**(च)** सेवाप्रदायकले दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न कामदारहरूलाई तोकिए बमोजिमको सुरक्षा उपकरण (मास्क, पञ्जा, बुट, एप्रोन) उपलब्ध नगराएमा तथा कामदारहरूले कामका दौरान उपलब्ध सुरक्षा उपकरणको उपयोग नगरेमा,

**(छ)** सेप्टिक ट्याङ्क सफा गर्ने क्रममा आंशिक रूपमा मात्र गरेमा वा पर्याप्त मात्रामा सफा नगरेमा वा उचित तवरले नगरेमा वा ढुवानीका क्रममा सावधानी एवम् सुरक्षाका प्रबन्ध नगरेमा,

**(ज)** दिसाजन्य लेदो व्यवस्थापनको कुनै पनि चरणको कामलाई अवरोध पुऱ्याएमा,

**(ञ)** ढल व्यवस्थापन तथा जडान मापदण्डः नयाँ भवन निर्माण गर्दा ढल प्रशोधन प्रणाली (सेप्टिक ट्याङ्क) मापदण्ड बमोजिम जडान नगरेमा।

**(ट)** ढललाई नदी, खोला वा सार्वजनिक नालामा प्रत्यक्ष रूपले जडान गरेको पाइएमा।

**(ठ)** सार्वजनिक स्थलहरू (बजार, पार्क, सडक, मेला क्षेत्र आदि) तथा कार्यक्रमहरू (मेला, जात्रा, सभा, उत्सव आदि) मा फोहोर फाल्ने र खुला दिसापिसाब गरेमा।

(ड) सार्वजनिक स्थल तथा कार्यक्रमहरूको आयोजकले अस्थायी शौचालयको व्यवस्था, डस्टबिन राख्ने तथा सरसफाइ टोली परिचालन नगरेमा ।

(२९) विनियम ८ ले निर्धारण गरेका कसुरहरू उपर देहाय बमोजिम जरिवाना हुनेछः

१. विनियम ८(क) बमोजिमको कसुर गरेमा त्यस्तो सेवा प्रदायकलाई दश हजार रुपैयाँसम्म जरिवाना वा सेवा प्रदायकको भूमिका समेत रद्द गर्न सकिनेछ।

२. विनियम ८(ख) बमोजिमको कसुर गरेमा एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

३. विनियम ८(ग) बमोजिमको कसुर गरेमा पाँच सयदेखि दश हजार रुपैयाँसम्म जरिवाना

- व्यक्ति वा घरधुरीको हकमा एक हजारदेखि पाँच हजार रुपैयाँसम्म,
- व्यापारिक संस्थान, संघसंस्था वा निकायको हकमा पाँच हजारदेखि दश हजार रुपैयाँसम्म,
- सेवा प्रदायकको हकमा दश हजारदेखि बिस हजार रुपैयाँसम्म वा इजाजत लिँदाका सर्तअनुसार कारबाही गरिनेछ।

४. विनियम ८(घ) बमोजिमको कसुर गरेमा एक सयदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ।

५. विनियम ८(ङ) बमोजिमको कसुर गरेमा पाँच सयदेखि एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

६. विनियम ८(च) बमोजिमको कसुर गरेमा एक हजारदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

७. विनियम ८(छ) बमोजिमको कसुर गरेमा पाँच हजारदेखि सात हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

८. विनियम ८(ज) बमोजिमको कसुर गरेमा तीन हजारदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३०) विनियम (२९) अनुसार तोकिएको जरिवाना रकम नगरपालिकाको राजश्व उपशाखामा तोकिएको समयमा बुझाई, भरपाईको प्रतिलिपि खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइमा बुझाउनु पर्नेछ।

(३१) तोकिएको जरिवाना तथा नगरपालिका वा सेवा प्रदायकलाई तिर्न वा बुझाउनुपर्ने सेवा शुल्क तोकिएको समयमा नबुझाएमा सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

(३२) विनियम (२९) बमोजिमको जरिवानाउपर चित्त नबुझ्ने सम्बन्धित पक्षले यस विनियमको परिच्छेद १३ अनुसार गुनासो सम्बोधन संयन्त्रमा आफूलाई जरिवाना हुनु नपर्ने ठोस तर्कसहित गुनासो दर्ता गराउनु पर्नेछ।

## परिच्छेद- १५

## विविध

(३३) अनुगमन

(क (सुरक्षित सरसफाइ र दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा सञ्चालनलाई दिगो र प्रभावकारी बनाई यस विनियमको प्रस्तावना र उद्देश्यमा उल्लेख गरिएका पक्षहरूको सुनिश्चितताका लागि नगरपालिकामा देहाय बमोजिको एक अनुगमन संयन्त्र रहनेछः

१) उपप्रमुख - संयोजक

२) सम्बन्धित वडाध्यक्षहरू - सदस्य

३) स्वास्थ्य शाखा प्रमुख - सदस्य

४) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

५) सुरक्षित सरसफाइ र दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी जिम्मेवारी प्राप्त खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा - सदस्य सचिब

(ख) अनुगमन सम्यन्त्रको काम कर्तव्य अधिकार अनुसूची १० मा उल्लेखभए बमोजिम हुने छ।

(३४) सेवाप्रदायकलाई दिन सकिने सुविधा सम्बन्धी प्रावधान

(क (नगरपालिका क्षेत्रभित्र दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा दिनका लागि इजाजत प्राप्त सेवाप्रदायकलाई नगरपालिकाले देहाय बमोजिमका सुविधा दिन सक्नेछः

१) नगरपालिकासँग दिसाजन्य लेदो प्रशोधनको प्रयोजनका लागि बनाइएका टहरा, सेड, टयांकी जस्ता संरचनाको प्रयोग गर्न,

२) दिसाजन्य लेदो प्रशोधनका लागि आवश्यक पर्ने स्थान,

३) सवारी साधन तथा उपकरण

(३५) विनियमको दायरा

१) नगरपालिकास्तरीय नीति तथा कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो विनियममा उल्लेख भएका प्रावधानहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

२) उप विनियम (१) मा जेसुकै लेखिएको भए तापनि देशको संविधान, संघीय तथा प्रदेश स्तरका कानून तथा नीति नियमका हकमा उक्त प्रावधान लागू हुने छैन ।

(३६) पुरस्कार सम्बन्धी व्यवस्थाः

(१) सरसफाइ क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले प्रेरणाको लागि आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(३७) संशोधन र खारेजीको अधिकार

(१यो विनियमको संशोधन वा कुनै वि (नियम वा उपविनियम खारेज गर्ने अधिकार नगर कार्यपालिकालाई मात्र हुनेछ ।

<u>**अनुसूचीहरू**</u>

**अनसूची १ :** सरसफाइ सेवा श्रृंखला (परिच्छेद तीनको विनियम (५) को उपविनियम (क) को '३' मा उल्लिखित दिसाजन्य लेदो व्यवस्थापनको सिद्धान्त तथा प्रविधिसँग सम्वन्धित)




**अनुसूची २: सुरक्षित भण्डारण प्रविधि सम्बन्धी जानकारी** *(परिच्छेद ५ को विनियम ७ को उप विनियम (ख) सँग सम्वन्धित)*

**१. सेप्टिक टयाङ्क**

सेप्टिक टयाङ्क फोहोर पानी भण्डारण र प्रशोधन गर्ने दुई खण्डे आयताकार संरचना हो । सामान्यतया यसले फोहोर पानीलाई करिब ३०—४० प्रतिशत मात्र प्रशोधन गर्दछ । तसर्थ यसबाट निस्किएको लेदो वा फोहोर पानीलाई पुनः प्रशोधनको आवश्यकता पर्दछ । शौचालयबाट बगेको दिसा र फोहोर पानी सेप्टिक टयाङ्कमा जम्मा भएपछि दिसाजन्य लेदोमा परिणत हुन्छ । उक्त दिसाजन्य लेदोलाई नियमित रूपमा रित्याएर पुनः प्रशोधन गरी सुरक्षित विसर्जन वा पुनः प्रयोग गरिन्छ भने सेप्टिक टयाङ्कबाट निस्केको फोहोर पानीलाई सोकपिट मार्फत् जमिनमुनि पठाइन्छ वा ढलमार्फत् प्रशोधन केन्द्रमा लगेर पुनः प्रशोधन गरी सुरक्षित विसर्जन वा पुनः प्रयोग गरिन्छ ।सेप्टिक टयाङ्कको लम्बाइ, चौडाइ भन्दा २ देखि ४ गुणा लामो हुन्छ भने गहिराई न्युनतम १.२ मिटर हुन्छ । यसको इन्लेटतिरको खण्ड दुई तिहाई र आउटलेट तिरको खण्ड एक तिहाइ हुन्छ जसलाई “ब्याफल वाल” द्वारा छुटयाइएको हुन्छ ।

सोकपिट सामान्यतया १.५ मिटर गहिराइको गोलाकार खाल्डो हो । यसको गारो मौरीको घारजस्तो प्वालहरू भएको अर्थात् हनिकम्ब प्रकारको हुन्छ । खाल्डोमा जमीनको सतहसम्मै ठूलठूला टुक्रा वा ठूलो साइजको गिट्टी राखिएको हुन्छ ।


**सेप्टिक टयांकका आधारभूत विशेषताहरू**

- सेप्टिक टयांक बनाउने ठाउँको माटो कसिलो हुनु पर्दछ । माटो पुरेर समतल बनाएको ठाउँमा सेप्टिक टयांकी बनाउँदा पछि संरचना भत्किएर सेप्टेज चुहिने संभावना हुन्छ ।
- सेप्टिक टयांक पानी नचुहिने तथा गन्ध नआउने किसिमको हुनु पर्दछ ।
- सेप्टिक टयांक दुई खण्डे हुनुपर्दछ र ती दुई खण्डमध्ये एउटाको क्षमता एक तिहाइ र अर्कोको क्षमता दुई तिहाइ हुनुपर्दछ ।
- ठूलो क्षमताको खण्ड आउटलेटतिर (एक तिहाइ) क्षमताको खण्ड इन्लेटतिर र सानो (दुई तिहाइ) हुनुपर्दछ ।
- सेप्टिक टयांक बाट निस्किने फोहोरपानी विसर्जनको लागि सोकपिटको व्यवस्था हुनुपर्दछ ।
- सेप्टिक टयांकी भित्रको फोहोरपानीको उचाइ न्यूनतम १.२ मि र अधिकतम २मि हुनुपर्दछ.
- सेप्टिक टयांकको लम्बाइ त्यसको चौडाइको २ देखि ४ गुणा हुनुपर्दछ ।
- सेप्टिक टयांकीको सानो खण्डको लम्बाइ वा चौडाइ ७० सेमि भन्दा कम हुनुहुँदैन । यसो भएमा निर्माण वा मर्मतको क्रममा वा खाली गर्ने कममा कामदारहरू प्रवेश गर्न सक्दैनन् ।
- इन्लेट र आउटलेट पाइपको न्यूनतम साइज १० सेमि व्यासको हुनुपर्दछ । ।
- ब्याफल वालमा लगाइने निकास पाइपको न्यूनतम साइज १० सेमि व्यासको हुनुपर्दछ ।
- इन्लेट र आउटलेटको सेप्टिक टयाङ्कभित्रको भागमा अंग्रेजी अक्षरको "T" आकारको बेण्ड राखी डाउन पाइप हाल्नु पर्दछ । उक्त डाउन पाइप कम्तिमा ३० सेमि पानीमा डुबेको हुनुपर्दछ भने पानीको सतहभन्दा ३० सेमि माथि उठेको हुनुपर्दछ ।
- फ्रिबोर्डको न्यूनतम उचाइ ३० सेमि हुनुपर्दछ । तर इन्लेट नै गहिरो भएको अवस्थामा फ्रिबोर्डको उचाइ आवश्यकता अनुसार बढाइन्छ ।
- सेप्टिक टयाङ्कभित्र उत्पादन हुने विषालु एवम् दुर्गन्धित ग्यासको सुरक्षित निकासको लागि भेन्ट पाइपको व्यवस्था गर्नुपर्दछ । भेन्ट पाइप जमीन सतहभन्दा २ मि माथि उठेको हुनुपर्दछ र यसको व्यास कम्तिमा ७५ मिमि हुनुपर्दछ ।
- फोहोरपानीको मात्रा डिजाइन क्षमता भन्दा घटीबढी भएमा सेप्टिक टयाङ्कले राम्ररी कार्य गर्न सक्दैन ।


- विभिन्न प्रकारका रसायन, एसिड, क्लोरिन, डिटरजेन्ट जस्ता चर्पी सफा गर्ने रसायनहरूले ब्याक्टेरिया मार्ने हुँदा यस्ता वस्तु सेप्टिक टयाङ्कमा पर्न दिन हुँदैन ।
- डिजाइन अवधिका आधारमा सेप्टिक टयाङ्कलाई नियमित रूपले खाली वा सफा गर्नुपर्दछ ।
- सोकपिट खानेपानीको स्रोतभन्दा कम्तिमा १० मिटर टाढा हुनुपर्दछ ।

*एन्फो २०२० समेतबाट उद्धृत २०७७ सेप्टिक टयाङ्क डिजाइन म्यानुएल /*

**<u>सेप्टिक टयाङ्कीको प्लान</u>**




**सेप्टिक ट्यांकीको सेक्सनहरू**




।

*(श्रोत: एन्फो निर्देशिका: सेप्टिक टयांकी कस्तो हुन्छ?" )*

### सेप्टिक ट्यांकको साइज

सेप्टिक ट्याङ्कको साइज मुलतः प्रयोगकर्ताको संख्या, प्रयोग हुने पानीको मात्रा (Water Consumption), रित्याउने अवधि (Desludging Period) र पानी धारण समय (Hydraulic Retention Time) मा भर पर्दछ। सामान्यतयाः सेप्टिक ट्याङ्कको डिजाइनको लागि प्रयोग हुने पानीको मात्रा १०० लिटर प्रतिव्यक्ति प्रतिदिन, रित्याउने अवधि दुई वर्ष र पानी धारण समय २४ घण्टाको आधारमा प्रयोगकर्ताको संख्या अनुसार आवश्यक पर्ने सेप्टिक ट्याङ्कको साइजलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ : पहाडी क्षेत्रका लागि आवश्यक सेप्टिक् ट्याङ्कको न्यूनतम साइज**

| प्रयोगकर्ताको संख्या | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लम्बाइ (पहिलो खण्ड) L1, मि. | ०.९ | १.३ | १.५ | १.८ | १.९ | २.४ | ३.० | २.९ | ३.६ | ४.१ | ४.७ | ५.३ |
| लम्बाइ (दोस्रो खण्ड) L2, मि. | ०.५ | ०.७ | ०.८ | ०.९ | ०.९ | १.२ | १.५ | १.५ | १.८ | २.१ | २.३ | २.७ |
| चौडाइ, b मि. | ०.७ | १.० | १.२ | १.३ | १.४ | १.८ | २.२ | २.२ | २.७ | ३.१ | ३.५ | ४.० |
| उचाइ/ गहिराइ, h मि. | १.४ | १.४ | १.४ | १.४ | १.५ | १.५ | १.५ | २.० | २.० | २.० | २.० | २.० |
| कुल आयतन ($m^3$) | १.४ | २.८ | ३.९ | ४.९ | ५.९ | ९.७ | १४.९ | १९.४ | २९.२ | ३८.४ | ४९.० | ६४.० |

*(श्रोतः एन्फो निर्देशिकाः "सेप्टिक ट्यांकी कस्तो हुन्छ?" )*

माथीको तालिकामा उल्लेखित नाप विवरण सेप्टिक ट्यांकको भित्रि नाप हो । तसर्थ उक्त नापमा पर्खालको नाप जोडेपछि सेप्टिक ट्यांक संरचनागत नाप निस्किन्छ भने उचाइ र गहिराइले सेप्टिक ट्यांक पिंधबाट पानीको सतह वा आउटलेटसम्मको उचाइलाई जनाउछ । उक्त उचाइमा फ्रीबोर्डको उचाइ जोडेर सेप्टिक ट्यांकको उचाइ निकालिन्छ । फ्रीबोर्डको न्युनतम उचाइ ३० से.मि. हुनुपर्दछ । तालिकामा सेप्टिक ट्यांकको दोस्रो खण्डको लम्बाइ ०.५ मि. भएतापनि सेप्टिक ट्यांकको लम्बाइ र चौडाइ ७० से.मि भन्दा कम हुनुहुदैन । यसो भएमा निर्माण, मर्मत र खाली गर्ने क्रममा काम गर्न असहज हुन्छ ।

**तालिका २: ईंटा प्रयोग गरेर सेप्टिक टयाङ्क निर्माण गर्न चाहिने सामग्री, जनशक्ति र परिमाण**

| इँटा प्रयोग गरेर बनाइने संरचनाका लागि | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिको संख्या | | | | | | | | | | | |
| | | | **५** | **१०** | **१५** | **२०** | **२५** | **५०** | **७५** | **१००** | **१५०** | **२००** | **२५०** | **३००** |
| १ | इँटा | संख्या | ८६३ | १,२०६ | २,५४४ | २,९२३ | ३,२९१ | ४,५८६ | ५,७६३ | ६,७७३ | ८,६७६ | १०,१५१ | १५,५२१ | १८,०२९ |
| २ | सिमेन्ट | बोरा | ८ | १२ | २० | २३ | २६ | ४१ | ५४ | ५९ | ८६ | १०४ | १४३ | १७२ |
| ३ | बालुवा | घ.मी. | १ | २ | ३ | ३ | ३.३ | ५ | ७ | ७ | १० | १२ | १७ | २० |
| ४ | गिट्टी | घ.मी. | १ | १ | १ | २ | १.७ | ३ | ४ | ४ | ७ | ९ | १२ | १५ |
| ५ | डण्डी | के.जी. | ३० | ५१ | ८२ | १०१ | ११२ | ४३३ | ६०६ | ५८८ | ९४३ | १,१९२ | १,५९१ | १,९९३ |
| ६ | फर्मा | व.मी. | १.६ | २.९ | ३.७ | ४.७ | ५.३ | ९ | १२.८ | १२.४ | १८.२ | २३.२ | २९.१ | ३७.२ |
| ७ | पाइप र फिटिङ | मी. | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ |
| ८ | डकर्मी | संख्या | ६ | ८ | १३ | १५ | १७ | २७ | ३५ | ३९ | ५४ | ६५ | ८९ | १०६ |
| ९ | ज्यामी | संख्या | १२ | १९ | ३० | ३६ | ४१ | ६५ | ८७ | ९८ | १४३ | १७५ | २३७ | २८९ |

*(श्रोतः एन्फो निर्देशिकाः "सेप्टिक टयांकी कस्तो हुन्छ?" )*

**तालिका ३ : कंक्रिटको संरचनामा सेप्टिक टयाङ्क निर्माण गर्न चाहिने सामग्री, जनशक्ति र परिमाण**

| ढलान संरचनाका लागि | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिको संख्या | | | | | | | | | | | |
| | | | **५** | **१०** | **१५** | **२०** | **२५** | **५०** | **७५** | **१००** | **१५०** | **२००** | **२५०** | **३००** |
| १ | इँटा | संख्या | २०८ | ३५४ | ४४२ | ५८४ | ६५१ | १,००० | १,४६८ | १,४३८ | २,२७६ | २,८६९ | ३,५३१ | ४,४५५ |
| २ | सिमेन्ट | बोरा | १२ | १८ | २१ | २८ | ३१ | ४२ | ६० | ७० | १२० | १४४ | १६८ | २०२ |
| ३ | बालुवा | घ.मी. | १ | २ | २ | ३ | ३. | ४ | ६ | ७ | ११ | १३ | १६ | १९ |
| ४ | गिट्टी | घ.मी. | १ | २ | २ | ३ | ४. | ५ | ७ | ८ | १५ | १८ | २० | २५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | .८ | |
| ५ | डण्डी | के.जी. | ११० | १५७ | १८४ | २५९ | २८५ | ७६६ | १११७ | १३२६ | २३५६ | २,८०४ | ३,२८२ | ३,९१९ |
| ६ | फर्मा | व.मी. | १९.५ | २६.१ | ३०.० | ३५.१ | ४०. | ५१ | ६४.५ | ७८.३ | १००.७ | ११७.३ | १३४.५ | १५६.९ |
| ७ | पाइप र फिटिङ | मी. | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ |
| ८ | डकर्मी | संख्या | ६ | ८ | १० | १३ | १४ | २३ | ३३ | ३९ | ६३ | ७५ | ८८ | १०५ |
| ९ | ज्यामी | संख्या | १५ | २२ | २६ | ३५ | ३९ | ५९ | ८५ | १०१ | १६८ | २०४ | २४४ | २९७ |

*(श्रोतः एन्फो निर्देशिकाः "सेप्टिक टयांकी कस्तो हुन्छ?" )*

## २. दुई खाल्डे शौचालय

दुई खाल्डे शौचालय दिसाजन्य लेदोको सुरक्षित भण्डारण गर्ने सरल प्रविधि हो । यस प्रविधिमा दुई अलग अलग खाडलहरू भएका हुन्छन् जुन आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ। दिसाजन्य लेदोमा भएको तरल पदार्थ जमिनमूनि प्रवेश गर्दछ र ठोस पदार्थ खाडलको फेदमा जम्मा भएर बस्छ । कम्तिमा पनि दुई वर्षको विश्राम समय पछि, यो ठोस पदार्थ मलमा परिणत हुन्छ जसलाई माटो उर्वर बनाउन प्रयोग गर्न सकिन्छ। र खाली भएको खाड्ललाई फेरि सञ्चालनमा ल्याउन सकिन्छ ।

दुई खाल्डे चर्पीको आयतन मुलतः दिसाजन्य लेदो भण्डारणको मात्रा, दिसाजन्य लेदो जम्मा हुने निश्चित परिमाण, प्रयोगकर्ताको संख्या र रित्याउने अवधिमा भर पर्छ । सामान्यतः दुई खाल्डे चर्पीको डिजाइनको लागि रित्याउने अवधि २ वर्ष लिने गरिन्छ । यसै आधारमा यी चर्पी ५ देखि १५ जना प्रयोगकर्ताहरुको लागि डिजाइन गरिएको छ । यदि १५ भन्दा बढी प्रयोगकर्ताहरू छन् भने उपयुक्त साइजको दुई जोडी पिटहरू राख्नु राम्रो हुन्छ ।





तालिका १

| प्रयोगकर्ताको संख्या | ५ | १० | १५ |
|---|---|---|---|
| ब्यास, d (m) | १ | १.४ | १.६ |
| उचाइ/ गहिराइ, h (m) | १.३ | १.४ | १.५ |

माथीको तालिकामा दिइएको गहिराइहरू पाइप वा नालीबाट खाडलको फेदसम्म नापिएको गहिराइ हो। खाल्डोको फेदमा आवश्यक खाली ठाउँ (Free board) उपलब्ध गर्न खाडलको कुल गहिराई माथिको तालिकामा तोकिएको गहिराइ भन्दा 300mm बढी राख्नु पर्छ ।

**दुई खाल्डे चर्पी निर्माणका लागी आवश्यक निर्माण सामग्री, जनशक्ति र त्यसको परिमाण प्यान लेभल ) ( सम्म**

**कंक्रीट रिंगको सम्रचना**

| क्र.सं. | सामग्री तथा जनशक्ति | एकाई | परिमाण |
|---|---|---|---|
| १ | कङ्क्रिट रिङ (३२" १६") | थान | ६ |
| २ | रिङको ढक्कन | थान | २ |
| ३ | सिमेन्ट | ५० केजी बोरा | २ |
| ४ | बालुवा | सिमेन्ट बोरा | १० |
| ५ | गिट्टी | सिमेन्ट बोरा | ३ |
| ६ | इँटा | थान | २८० |
| ७ | प्यान (साइफन सहित) | सेट | १ |
| ८ | HDPE पाइप ४" | फीट | १० |
| ९ | HDPE टी वा वाई ४" | थान | १ |
| १० | मिस्त्री | दिन | २ |
| ११ | श्रमिक | दिन | ४ |

**ढुङ्गाको संरचना**

| क्र.स. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिको संख्या |
|---|---|---|---|
| | | | ५ |
| १ | ढुङ्गा | घ.मि. | ५.५ |
| २ | सिमेन्ट | बोरा | ६.५ |
| ३ | बालुवा | घ.मि. | ०.९ |
| ४ | गिट्टी | घ.मि. | ०.५ |
| ५ | डण्डी | के.जी | ८५ |
| ६ | डकर्मी | संख्या | ७ |
| ७ | ज्यामी | संख्या | २५ |

**ईटाको संरचना**

| क्र.स. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिको संख्या |
|---|---|---|---|
| | | | ५ |
| १ | ईटा | घ.मि. | १५९२ |
| २ | सिमेन्ट | बोरा | ६ |
| ३ | बालुवा | घ.मि. | १.० |
| ४ | गिट्टी | घ.मि. | ०.२ |
| ५ | डण्डी | के.जी | ४५ |
| ६ | डकर्मी | संख्या | ६ |
| ७ | ज्यामी | संख्या | १३ |

दुई खाल्डे चर्पी निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू

१) दुई खाल्डाहरू एक आपसमा समानान्तर रूपमा जडान गर्नु पर्दछ ।

२) एक खाल्डो देखि अर्कोको दूरी कम्तिमा १ मिटर हुनुपर्दछ ।

३) भूमिगत पानीको प्रयोग गरिने ठाउँमा यस्तो खाले शौचालय निर्माण गर्दा पानीको स्रोत भन्दा कम्तिमा ३३ फिट दूरीमा निर्माण गर्नु पर्दछ ।

४) खाडलको तल्लो भाग कंक्रीट हुनु हुँदैन ।

५) भेन्ट पाइपको प्रयोग गर्नु हुँदैन ।

६) पाइपमा U र T बेन्डहरू प्रयोग गर्नु हुँदैन ।

७) चर्पी सफा गर्ने बस्तु जस्तै विभिन्न प्रकारको रसायन, एसिड, डिटरजेंत आदि प्रयोग गर्नु हुदैन।

८) एक पटकमा दुईवटा खाडलमध्ये एउटा मात्र प्रयोग गर्नुपर्नेछ ।


९) प्रयोगमा नभएको खाडलमा प्रवेश गर्ने ठाउँलाई पूर्ण रूपमा सिल गर्नुपर्छ ।

१०) यो प्रविधि उच्च भू-गर्भीय जल सतह (high ground water table) भएका क्षेत्रहरूमा वा बारम्बार बाढी आउने ठाउँहरूको लागि उपयुक्त हुंदैन ।

### ३. बायोग्यास (गोबर ग्यौंस) प्लान्ट

बायोग्यास प्लान्ट अक्सिजनरहित (अवायवीय) प्रशोधन प्रविधि हो जसबाट बायोग्यास र लेदो मल (Slurry) उत्पादन हुन्छ । लेदोमललाई कम्पोष्ट र बायोग्यासलाई उर्जाको रूपमा प्रयोग गर्न सकिन्छ । बायोग्यास मिथेन, कार्बनडाइअक्साइड र अन्य ग्यासहरूको सम्मिश्रण हो र यसलाई बिजुली, प्रकाश र तापमा रुपान्तरण गर्न सकिन्छ ।

बायोग्यास रियाक्टर गुम्बज आकारको च्याम्बर हो जसभित्र संकलित लेदो र कुहिने फोहोर अक्सिजनरहित पाचन प्रक्रिया मार्फत् कुहिएर बायोग्यास उत्पादन हुन्छ । बायोग्यास रियाक्टरभित्र उत्पादित बायोग्यास संकलन गर्न डोम (Dome) को व्यवस्था गरिएको हुन्छ । सामान्यतयाः यो प्रविधि जमीन सतहमुनि निर्माण गरिन्छ भने यसलाई जमीन सतहमाथि पनि निर्माण गर्न सकिन्छ । प्लाष्टिक ट्याङ्की, ईंटा वा ढुङ्गा जस्ता सामग्रीको प्रयोग गरेर यसको निर्माण गर्न सकिन्छ ।



**बायोग्यास रियाक्टर सम्बन्धी मुख्य जानकारी**

१) बायोग्यास रियाक्टरको प्रभावकारिता जैविक फोहोरको मात्रा र फोहोर पानीको भण्डारण अवधिमा भर पर्दछ । न्यानो वा गर्मी हावापानी भएको स्थानको लागि उक्त अवधि १५ दिन र चिसो हावापानी भएको स्थानको लागि २५ दिन हुनुपर्दछ । त्यसैगरी हानिकारक कीटाणु जीवाणु अत्यधिक/ हुने फोहोर भएमा सो अवधि ६० दिन हुनुपर्दछ ।

२) साधारणतया बायोग्यास रियाक्टरको तापक्रम बढाईंदैन वा बढाउन आवश्यक हुँदैन तर हानिकारक कीटाणु/जीवाणु नष्ट गर्न यसको तापक्रमलाई ५० डिग्रीभन्दा बढी राखिन्छ । तर यस्तो अभ्यास बढीजसो विकसित देशहरूमा मात्र भएको पाइन्छ ।

३) फोहोर पानी वा कुहिने फोहोर बायोग्यास रियाक्टरमा प्रवेश गरेपछि जैविक वस्तुहरू टुक्रिएर ग्यास उत्पादन हुन्छ र उक्त ग्यास रियाक्टरको माथिल्लो भागमा गएर जम्मा हुन्छ ।

४) बायोग्यास रियाक्टरको डोम तैरिने (ARTI) र स्थिर (Fixed) गरी दुई प्रकारको हुन्छ । स्थिर डोम बायोग्यास रियाक्टरको तल्लो भागसँग जोडेर सिमेन्ट कङ्क्रिटले ढलाई गरी निर्माण गरिन्छ भने तैरिने डोम प्लाष्टिक वा फलाम वा तन्किने वस्तुले बनाइएको हुन्छ जुन बायोग्यास रियाक्टरमा संकलन भएको फोहोर पानी वा लेदोमा तैरिएको हुन्छ ।

५) बायोग्यास रियाक्टरको साइज फोहोर पानी र कुहिने फोहोरमैलाको मात्राको आधारमा १ हजार लिटरदेखि १ लाख लिटर क्षमतासम्मको बनाउन सकिन्छ । बायोग्यास घरेलु, संस्थागत र समुदायस्तरमा निर्माण गर्न सकिन्छ । नेपालमा घरेलुस्तरमा स्थिर डोम भएको जिजिसि २०४७ मोडेलको बायोग्यास रियाक्टर प्रवर्न भएको छ जसलाई गोबरग्यास प्लान्ट भनेर बढी चिनिन्छ ।

६) अहिले तैरिने डोम भएको बायोग्यास पनि बनेको पाइन्छ । स्थिर डोम बायोग्यास रियाक्टरलाई फोहोर पानी र जैविक फोहोरमैला व्यवस्थापनको लागि आकर्षक विकल्पको रूपमा लिन थालिएको छ ।

सामान्यतयाः बायोग्यास रियाक्टरलाई सेप्टिक ट्याङ्कीको विकल्पको रूपमा प्रयोग गरिन्छ । बायोग्यास रियाक्टरबाट निस्किने लेदोमा बोटबिरुवालाई आवश्यक पोषणतत्व हुने भएकोले यसलाई अत्यन्त राम्रो कम्पोष्ट मलका रूपमा लिइन्छ ।

## अनुसूची ३ : व्यक्तिगत सुरक्षा उपकरण

व्यक्तिगत सुरक्षा उपकरण )PPE (काम गर्दा हुन सक्ने स्वास्थ्य जोखिमहरूबाट बच्नका लागि प्रयोग गरिन्छ । यो दिसाजन्य लेदो व्यवस्थापनमा प्रत्यक्ष रूपमा काम गर्ने व्यक्तिहरूका लागि अपरिहार्य छ। दिसाजन्य लेदोमा हानिकारक रोगका कीटाणुहरू, विषाक्त पदार्थहरू र अन्य प्रदूषकहरू हुन सक्छन् । त्यसैले मापदण्ड बमोजिमको PPE ले यस्ता हानिकारक पदार्थहरूको जोखिमलाई कम गर्न मद्दत गर्छ । यस अन्तर्गत देहाय बमोजिमका सामग्रीहरू पर्दछन् :



१) सुरक्षा गाउनकामदारहरूलाई दिसाजन्य लेदोको प्रत्यक्ष सम्पर्कबाट /सफाइकर्मीहरू : बच्न टिकाऊ, बलियो रबर वा PVC बाट बनेको पूरै शरीर ढाक्ने गाउन लगाउनु पर्नेछ । शरीरको कुनै पनि अङ्ग हानिकारक पदार्थको सम्पर्कमा नआओस् भनेर यस्तो गाउनले हात र खुट्टा सहित सम्पूर्ण शरीर ढाक्नुपर्छ ।



२) पन्जाः दिसाजन्य लेदो व्यवस्थापनको कुनै पनि चरणको कार्य गर्दा कामदारहरूले हातमा नाइट्राइल वा रबरका पन्जाहरू जोगाउन लगाउनु पर्नेछ। पन्जाले फोहोर र हानिकारक वस्तुसँग हातको प्रत्यक्ष सम्पर्क हुन दिंदैन ।



३) बुटः खुट्टालाई तीखो वस्तुहरू, रासायनिक पदार्थ वा दूषित वस्तु जस्ता हानिकारक पदार्थ र तत्वहरूबाट जोगाउन स्टिलको टो क्यापसहितको बुट (गम्बुट) लगाउनु पर्छ ।



४) हेल्मेटकाम गर्दा टाउकोमा चोट लाग ्न सक्ने भएकाले हेल्मेट लगाउनु पर्छ।



५) मास्कः स्वास प्रश्वासका माध्यमबाट दिसाजन्य वस्तु नाकमुखमा नपरोस् भन्नका लागि सर्जिकल मास्क लगाउनु पर्छ । यस्तो मास्क पुनः प्रयोग गर्नु हुँदैन ।



६) चश्मा : आँखामा फोहोर, कीरा तथा धुलो नपरोस् भन्नका लागि अनुहारमा टम्म मिल्ने खालको चश्मा लगाउनु पर्छ ।



७) साबुन र ह्यान्ड स्यानिटाइजर  दिसाजन्य लेदो व्यवस्थापनमा खटिने व्यक्तिले :PPE प्रयोग गर्नु अघि र पछि, साथै औजारहरू सफा गरेपछि साबुन पानीले मिचीमिची हात धुनु पर्छ र आवश्यकता अनुसार ह्याण्ड स्यानिटाइजर दल्नु पर्छ।



**अनुसूची ४ :**

## दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी व्यवसाय संचालन इजाजतका लागि निवेदनको ढाँचा

श्री शारदा नगरपालिका,

नगर कार्यपालिको कार्यालय,

खलंगा, सल्यान

**विषयः दिसाजन्य लेदो व्यवस्थापनको सेवा सञ्चालन इजाजत सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा म/हामी देहायबमोजिमको विवरणसहित शारदा नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापन सेवा दर्ता, इजाजत तथा व्यवसाय सञ्चालनका लागि यो निवेदन पेश गर्दछु/गर्दछौं।

१. कम्पनि/फर्म/संस्थाको नामः ........................................................................................

२. कम्पनि/फर्म/संस्थाको भ्याट/पान नम्बरः ........................................................................................

३. निवेदकको नाम ... :.................. ........................................................................................

४. कार्यालयको ठेगाना : ........................................................................................

५. टेलिफोन नम्बर : ————........................................................................................

६. इमेलः ........................................................................................

७. कर्मचारीहरूको विवरणः

| क्र.स. | कर्मचारीको पद | नाम थर | नागरिकता नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रबन्धक | | | |
| २ | लेखा अधिकृत | | | |
| ३ | चालक | | | |
| ४ | सरसफाइकर्मी १ | | | |
| ५ | सरसफाइकर्मी २ | | | |
| ६ | अन्य, (आवश्यकता अनुसार) | | | |

१) निवेदकको बैंक खाता सम्बन्धी विवरणः ...........................................................................................

२) कम्पनीसंस्थासँग भएको दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी भौतिक पूर्वाधार सम्बन्धी विवरण/फर्म/

(क) सवारी साधनका किसिम

(ख)...........................................................................................

(ग)...........................................................................................

(यहाँ उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरेको खण्डमा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी व्यवसाय संचालन इजाजत खारेज गरी कानुन बमोजिम कारवाही भोग्न मन्जुर छौं ।

३) निवेदकको हस्ताक्षर .......................................... मिति : ————.

**अनुसूची ५ः दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न सेवा प्रदायकले पालना गर्नु पर्ने शर्तहरू**

**१) प्रशासनिक तथा वैधानिक मापदण्डहरूः संस्थागत संरचना तथा वैधानिक शर्तहरूसँग सम्वन्धित**

१) कानुन तथा नियमहरूको परिपालनासेवा प्रदायकहरूले यो विनियम सहित दिसाजन्य लेदो : व्यवस्थापनको प्रयोजनका लागि लागू भएका सम्पूर्णस्थानीय, प्रादेशिक र राष्ट्रिय कानुन तथा नियमहरूको पालना गर्नुपर्दछ ।

२) सेवा प्रदायक संगठित संस्था हुनु पर्दछ र प्रचलित कानुन अनुसार दर्ता तथा नवीकरण भएको हुनु पर्दछ ।

३) सेवा प्रदायक कालोसूची वा कुनै पनि किसिमको वैधानिक बन्देजमा परेको हुनु हुँदैन ।

४) सेवा प्रदायक भ्याट वा प्यानमा दर्ता भएको हुनु पर्दछ र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र हासिल गरेको हुनु पदर्छ ।

५) सेवा प्रदायकले प्रयोगमा ल्याउने सवारी साधनको दर्ता किताब (ब्लु बुक) अद्यावधिक गरिएको हुनु पर्दछ ।

६) सवारी चालकसँग सवारी चलाएको अवस्थामा सदैव अद्यावधिक गरिएको सवारी चालक अनुमति पत्र (Driving License) साथमा हुनु पर्दछ ।

**२) प्राविधिक मापदण्डहरूः औजार तथा उपकरणहरूको प्रकार, गुणस्तर र मापदण्डहरूसँग सम्वन्धित**

१) ढुवानीका लागि भ्याकुम पम्प जडित टयाङ्करभण्डारण स्थ :लबाट सुरक्षित किसिमले दिसाजन्य लेदो निकालेर प्रशोधन स्थलसम्म लैजानका लागि सेवा प्रदायकसँग लेदो नचुहिने भ्याकुम पम्प जडित टयाङ्कर हुनु पर्दछ ।

**३) स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डहरू :**

१) सेवा प्रदायकले सबै कर्मचारीहरूलाई दिसाजन्य पदार्थको सुरक्षित व्यवस्थापन प्रक्रियाहरू सम्बन्धी तालिम दिनु पर्दछ ।

२) व्यक्तिगत सुरक्षा उपकरणको उपयोगः सेवा प्रदायकहरूले आफ्ना कामदार र समुदायको स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिनुपर्दछ । सेवा प्रदायकले दिसाजन्य लेदो व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न हुने कर्मचारी कामदाहरूलाई अनुसूची/३ मा उल्लेख भए अनुसार व्यक्तिगत सुरक्षा उपकरण उपलब्ध (पीपीई) उपलब्ध गराउनु पर्दछ ।

**४) सेप्टेज संकलन सम्बन्धी मापदण्डहरू : दिसाजन्य लेदोको सुरक्षित संकलन र ढुवानीसँग सम्वन्धित**

१) सेवा प्रदायकले सेप्टेज संकलनको कार्य गर्दा बुँदा नं ३ मा व्यवस्था भएको स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डको पूर्णतया पालना गर्नु पर्दछ ।

२) सेवा प्रदायकले सञ्चालन गर्ने दिसाजन्य लेदो व्यवस्थापनको प्रक्रियाले वातावरण र जनस्वास्थ्यमा हुन सक्ने असरहरूलाई प्रभावकारी रूपमा न्यूनीकरण गर्न नेपालका प्रचलित कानुनहरू, नियम तथा विनियमले तोकेको सुरक्षा र गुणस्तर मापदण्डहरूहरू पालना गनु पर्दछ ।

३) सेवा प्रदायकले सेप्टिक टयांक, खाल्डे चर्पी आदिको सरसफाइ गर्दा उक्त सरसफाइ कार्यको अभिलेख राख्नुपर्दछ र सो अभिलेख आवधिक रूपमा नगरपालिकाको सम्वन्धित कार्यालयमा पेश गर्नुपर्दछ ।

४) सेप्टेज संकलन कार्य पछि सो क्षेत्रमा ब्लिचिङ पाउडर र चुना जस्ता सङ्क्रमण र गन्ध हटाउने वस्तुहरूको छर्किनु पर्दछ ।

५) दुर्घटना, प्राकृतिक विपत्ति, मानवीय कारण वा अन्य कुनै कारणले प्रशोधन स्थाल बाहेकका ठाउँमा सेप्टेज पोखिएमा सेवा प्रदायकले अविलम्ब उक्त ठाउँको सरसफाइ गरी त्यसबाट पर्ने असरलाई हटाउन बुँदा घ मा उल्लेख भए अनुसारका सङ्क्रमण र गन्ध हटाउने वस्तुहरू छर्किनु पर्छ ।

## अनुसूची ६: नगरपालिका द्वारा तोकिएको कर्मचारी वा सेवाप्रदायक दिसाजन्य लेदो व्यवस्थापन सेवा प्रदान गर्दा पालना गर्नुपर्ने विधि, प्रक्रिया र शर्तहरु

### विविध

१. अवलोकन र मूल्याङ्कन

- सबै घरपरिवारको मलमूत्र व्यवस्थापन आवश्यकता पहिचान गर्न सर्वेक्षण गरिनेछ।
- प्रत्येक घरको मलमूत्र संकलन तथा भण्डारण ट्याङ्कको अवलोकन गरिनेछ।

२. सेवा प्रदायक

- नगरपालिका द्वारा तोकिएका कर्मचारी वा तोकिएको सरसफाइ सेवाप्रदायक मार्फत सेवा प्रदान गरिनेछ।
- दिसाजन्य लेदो सुरक्षित स्थानान्तरण र प्रशोधन केन्द्रको व्यवस्था गरिनेछ।

### प्रक्रिया

१. बुकिङ

- सेवा लिनका लागि सेवाग्राहिले नगरपालिकाको कार्यालयमा गई वा ईमेल मार्फत आवेदन फारम भर्नुपर्नेछ।
- सेवाको लागि नगरपालिकामा सम्पर्क गरी बुकिङ गरिनुपर्नेछ।
- बुकिङको लागि फोन नम्बर वा अनलाइन माध्यम प्रयोग गर्न सकिनेछ।
- यदि नगरपालिकाले सेवाप्रदायक मार्फत सेवा सञ्चालन गरेको अवस्थामा बुकिङ गर्दा फोन अथवा अनलाईन माध्यम प्रयोग गर्न सकिने ।

२. सेवा संचालन

- बुकिङ पश्चात सेवाको समय निर्धारण गरिनेछ।
- निर्धारण गरिएको समयमा ट्याङ्कर परिचालन गरी मलमूत्र संकलन गरिनेछ।
- संकलित मलमूत्रलाई निर्धारित प्रशोधन केन्द्र वा नगरपालिकाले तोकिएको सुरक्षित स्थानमा लगिनेछ।

## शर्तहरु

१.सुरक्षा उपाय

- सेवाका क्रममा सम्पूर्ण सुरक्षा मापदण्डहरूको पालना गरिनेछ।
- कर्मचारीहरूले आवश्यक सुरक्षा उपकरणहरू (जस्तै, मास्क, पन्जा) प्रयोग गर्नेछन्।

**२. अग्रिम भुक्तानी**

- सेवाको लागि अग्रिम भुक्तानी अनिवार्य छ।
- नगद, चेक वा डिजिटल माध्यमबाट भुक्तानी गर्न सकिनेछ।

**३. सेवा रद्द गर्ने**

- सेवाको समयभन्दा ८ घण्टा अगाडि रद्द गर्दा कुनै पनि शुल्क लाग्ने छैन।
- समयसीमा बाहेक रद्द गर्दा सेवा शुल्कको २५ प्रतिशत कटौती गरिनेछ।

**४. प्रदूषण नियन्त्रण**

- दिसाजन्य लेदो व्यवस्थापन गर्दा कुनै पनि प्रकारको वातावरणीय प्रदूषण हुन नदिने उपाय गरिनेछ।
- उचित स्थानान्तरण र डिस्पोजल सुनिश्चित गरिनेछ।

**५. शिकायत तथा समाधान**

- सेवा सम्बन्धी कुनै समस्या भएमा नगरपालिका सम्पर्क कार्यालयमा जानकारी गराउन सकिनेछ।
- समस्या समाधानको लागि नगरपालिकाको सम्वन्धित शाखाले तुरुन्तै कारवाही गर्नेछ।

## अनुसूची ७: दिसाजन्य लेदो व्यवस्थापन का लागि सेवा शुल्क

(परिच्छेद १२ विनियम (२२) उपविनियम (ख) सँग सम्वन्धित)

### १. गृह सेवा शुल्क (घरायसी प्रयोग)

- रिङ्गवाला शौचालय खाली गरेबापतको प्रति रिङ्ग रु ३००/-सेवा शुल्क रु ३०० (अक्षरुपी तीन सय रुपैया) मात्र लाग्ने छ ।
- सेफ्टी टयांकी खाली गरेबापतको प्रति लिटर रु १/- रुपैयाका दरले लाग्ने छ ।
- संकलन गर्ने टयांकरको क्षमता ४००० ली. को भएमा ४००० ली. बराबरको रु ४००० अक्षरुपी चार हजार रुपैया लाग्ने छ ।

### २. व्यवसायि सेवा शुल्क (व्यावसायिक प्रयोजन)

- रिङ्गवाला शौचालय खाली गरेबापतको प्रति रिङ्ग रु ५०० सेवा शुल्क रु ५०० (अक्षरुपी पाँच सय रुपैया) मात्र लाग्ने छ ।
- सेफ्टी टयांकी खाली गरेबापतको प्रति ट् लिटर रु १.२५/- एक रुपैया पच्चिस पैसाको दरले लाग्ने छ ।
- संकलन गर्ने टयांकरको क्षमता ४००० ली. को भएमा ४००० ली. बराबरको रु ५०००/- अक्षरुपी पाँच हजार चार रुपैया लाग्ने छ ।

### ३. बिद्यालय र सार्वजनिक संस्था सेवा शुल्क

- रिङ्गवाला शौचालय खाली गरेबापतको प्रति रिङ्ग रु ३००/-सेवा शुल्क रु ३०० (अक्षरुपी तीन सय रुपैया) मात्र लाग्ने छ ।
- सेफ्टी टयांकी खाली गरेबापतको प्रति लिटर रु १.२५/पैसाको दरले लाग्ने छ ।
- संकलन गर्ने टयांकरको क्षमता ४००० ली. को भएमा ४००० ली. बराबरको रु ५००० अक्षरुपी पाँच हजार रुपैया लाग्ने छ ।

## ४. अतिरिक्त शुल्क

- फोहोर मल ढुवानी शुल्क (अन्तर नगर) रु. ५ प्रति किलोमिटर हुनेछ ।
- रात्री सेवा शुल्क सामान्य लाग्ने सेवा शुल्कमा थप रकम रु ८०० अक्षररुपी आठ सय रुपैया लाग्नेछ ।
- आकस्मिक सेवा शुल्क सामान्य लाग्ने सेवा शुल्कमा थप रकम रु १००० अक्षरुपी एक हजार रुपैया लाग्नेछ ।

## ५. भुक्तानी विधि

- नगद, चेक वा डिजिटल माध्यमबाट भुक्तानी गर्न सकिनेछ।
- बैंक ट्रान्सफर गर्ने ।

## ६. सेवा सर्तहरु

- तोकिएको सेवा शुल्क अग्रिममा भुक्तानी गर्नुपर्छ ।
- सेवा अनुरोध पछि ८ घन्टाभित्र सेवा प्रदान गरिनेछ ।
- कुनै पनि सेवा रद्द गर्दा, सेवा शुल्कको २५ प्रतिशत कटौती गरिनेछ ।

कुनै पनि विवाद वा समस्या भएमा, सम्पर्क जानकारीका लागि नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा सम्पर्क गर्न सकिन्छ ।

**अनुसूची ८ः शौचालयको मापदण्डहरू**

१. सफा र स्वच्छः शौचालयलाई नियमित रूपमा सफा राख्नुपर्छ र स्वास्थ्यका लागि हानिकारक जीवाणुहरूको वृद्धि रोक्नुपर्छ।

२. सुलभः शौचालय सबै उमेर र क्षमताका व्यक्तिहरूका लागि सहज रूपमा पहुँचयोग्य हुनुपर्छ।

३. सुरक्षाः शौचालयको संरचना बलियो र सुरक्षित हुनुपर्छ ताकि दुर्घटना नहोस् ।

४. प्रयोग गर्न सजिलोः शौचालयको डिजाइन प्रयोगकर्ताहरूको लागि सुविधाजनक हुनुपर्छ ।

५. प्रकाश व्यवस्थाः शौचालयमा राम्रो प्रकाशको व्यवस्था हुनुपर्छ।

६. वातावरणमैत्रीः शौचालयबाट निस्कने फोहोरले वातावरणलाई असर नगर्ने व्यवस्था हुनुपर्छ।

७. पानीको आपूर्तिः हात धुने र सफा गर्नको लागि पर्याप्त पानीको आपूर्ति सुनिश्चित गर्नुपर्दछ।

८. लैगिङ्गकमैत्री शौचालयः वालवालिका, महिला, अपाङ्गता तथा जेष्ठनागरिकमैत्री, शौचालय संरचना निमार्ण गर्ने व्यवस्था भएको हुनुपर्छ ।

९. वायु संचारः शौचालयमा राम्रो हावा संचारको व्यवस्था हुनुपर्दछ, जसले दुर्गन्ध हटाउन मद्दत पुर्याउँछ।

## अनुसूची ९: दिसाजन्य लेदो फोहोर प्रशोधन स्थल छनौटको लागि मापदण्ड

*(नेपाल सहरहरुमा मानव मलमूत्रिय फोहोर व्यवस्थापनका लागि संस्थागत तथा नियामक खाका २०७४, खानेपानी तथा सरसफाइ मन्त्रालय अनुरुप)*

१) जमीनको छनौट जमीन उपयोग योजना वा जग्गा प्राप्ति ऐनको २०३४ माध्यमद्धारा संघीय तथा प्रदेश सरकार तथा अन्य सरोकारवालाहरुको समन्वयमा गरिने छ ।

२) प्रशोधन संयन्त्रबाट निस्कने गन्धको समस्या वा अन्य कारणले कृषि योग्य जमीन, नदी-पानी भएको क्षेत्र, अस्पताल वा विद्यालयबाट आउने सामाजिक व्यवधानबाट जोगिन प्रशोधन स्थल घना बस्तीभन्दा टाढा निर्माण-स्थापना गर्नुपर्ने छ ।

३) प्रशोधन स्थल सामुदायिक वन वा वन क्षेत्रभित्र बनाउन सकिने छ तर संरक्षित क्षेत्रभित्र नपरेको हुनुपर्ने छ ।तोकिएको वन क्षेत्र भित्र निर्माण गर्दा नेपाल सरकारले तोकेको आवश्यक कानूनी प्रकृया पुरा गरि निर्माण गर्नु पर्नेछ।

४) प्रशोधन स्थल बस्तीबाट कम्तिमा पनि ३०० मिटर टाढा, खानेपानीको स्रोतभन्दा ३० मिटर तल, संरक्षित धार्मिक क्षेत्रभित्र नपर्ने, समथर जमीन वा ८% प्रतिशत भन्दा कम भिरालो भएको जमीन हुनुपर्ने छ ।

५) सार्वजनिक वा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको स्वामित्वमा जमीनको लालपूर्जा भएको र निर्माणको लागि सामाजिक र वातावरणीय प्रतिकूल प्रभाव नपर्ने स्थान हुनुपर्ने छ ।

६) प्रशोधन केन्द्र निर्माणको लागि ठोस फोहोरमैला व्यवस्थापन गर्ने र फोहोरपानी प्रशोधन केन्द्रभित्र वा यी सुविधाहरु भएका स्थानहरुलाई उपयुक्त स्थलको रुपमा लिइने छ । ती प्रणालीहरु निर्माण गर्ने योजना भएमा यो प्रशोधन केन्द्रलाई पनि त्यस प्रणालीमा नै एकीकृत गर्नुपर्ने छ ।

**अनुसूची १०: दिसाजन्य लेदो व्यवस्थापनलाई प्रभावकारी बनाउन निम्नलिखित कुराहरुमा अनुगमन गर्ने**

**१.पानीको गुणस्तरः**

(क) पिउने पानीको स्रोतहरूको गुणस्तर जाँच,

(ख) पानीमा ई. कोलाई (E. coli) र अन्य रोगजनक जीवाणुहरूको उपस्थितिको जाँच,

**२, स्वास्थ्य अवस्थाः**

(क) समुदायमा जलजन्य रोगहरूको दर (incidence) अनुगमन

(ख) अस्पताल र स्वास्थ्य केन्द्रहरूमा रोगको रिपोर्न्टि अवस्था ।

**३. सरसफाइ र स्वच्छताः**

(क) घर र सार्वजनिक स्थलहरूको सरसफाई अवस्था निरीक्षण

(ख) शौचालयहरूको उपयोग दर (usage rate) र सरसफाईको अवस्था मूल्यांकन

**४. दिसाजन्य लेदो व्यवस्थापनः**

(क) सेफ्टीट्यांकी र दिसाजन्य लेदो व्यवस्थापन प्रणालीहरूको मर्मत र सफाईको नियमितता अनुगमन,

(ख) दिसाजन्य लेदो सङ्कलन र प्रशोधन प्रणालीहरूको कार्यक्षमता मूल्यांकन,

**५. प्रशोधनको प्रभावकारिताः**

(क) दिसाजन्य लेदो प्रशोधन केन्द्रहरूको प्रभावकारिता जाँच गर्ने

(ख) प्रशोधन पश्चात पानी र ठोस फोहोरको गुणस्तरको परीक्षण

**६.समुदायको सहभागिताः**

(क) सरसफाई र स्वच्छतासम्बन्धी कार्यक्रमहरूमा समुदायको सहभागिता मूल्यांकन

(ख) जनचेतना कार्यक्रमहरूको प्रभावकारिता जाँच

**७. नीतिगत कार्यान्वयनः**

(क) स्थानीय सरकार र निकायहरूले लागू गरेका नीतिहरूको प्रभावकारिता अनुगमन

(ख) कानूनी र व्यवस्थापकीय संरचनाहरूको कार्यान्वयन स्थिति मूल्यांकन

**८. प्राविधिकमापदण्डः**

(क) प्रयोग भएका प्रविधिहरू र संरचनाहरूले राष्ट्रिय मापदण्डहरूको पालना गरिरहेको छ कि छैन जाँच

आज्ञाले

**हरिचन्द्र बुढा**

प्रमुख प्रशासकीय अधिकृत